जनकपुर
टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

अमेरिकाको राष्ट्रपति पदका लागि जो बाइडेनको... पृष्ठ ६ मा

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २३ •अंक ९९ •२०७७ साल जेठ २५ गते आइतवार (7 June, Sunday, 2020) •मूल्य रु. ५।-

# २०दिनमा आउँदैन पीसीआर रिर्पोट

# अस्तव्यस्त क्वारेन्टाइन

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ मा कोरोना भाइरस संक्रमितको संख्या देशमै सर्वाधिक रहेकोछ ।तर यहाँ जाँचको अवस्था अत्यन्त दयनिय छ।

पीसीआर टेस्ट नहुँदा क्वारेन्टाइनहरु कोरोना भाइरसको संक्रमण फैलाउने केन्द्र बन्न थालेकोछ ।क्वारेन्टाइनमा रहेका मानिसहरुको पीसीआर टेस्टका लागि स्वाब लिन आउँदैन्, लिएपनि रिर्पोट दिदैन् ।

पीसीआर टेस्टको रिर्पोट नआउँदा क्वारेन्टाइनमा रहेका मानिसहरु छटपटिन थालेको जनाउँदै उनले आरडीटी विधिबाट परीक्षण सुरु गराएको बताए ।४ सय जनाको आरडीटी विधिबाट टेस्ट गराउँदा २० जनामा कोरोना भाइरस पोजिटिव देखिएको साहले

**पीसीआर विधिबाट टेस्ट गर्न हाल सम्म संकलन गरिएको २१ हजार १६ स्वाब मध्ये ८ हजार ७ सय ५० को नतिजा आउन बाँकी छ ।**

**सिरहा जिल्लामा शनिवार स्वाब संकलन गरिएको छैन् ।सर्लाहीमा ३ सय ८ र धनुषामा १ सय ४ स्वाब संकलन गरिएकोछ ।पर्सामा ६९, बारामा ८२, रौतहटमा ८७, सप्तरीमा ३ सय ५०, महोत्तरीमा ५७ स्वाब संकलनभएको मन्त्रालयले जनाएकोछ ।**

पीसीआर टेस्ट नहुँदा संक्रमण फैलिन थालेकोछ ।प्रदेश २ को ८ वटै जिल्लामा संक्रमितको संख्या हरेक दिन बढिरहेकोछ ।

पालिकाहरुले बनाएको क्वारेन्टाइन र आइसोलेशनको अवस्था दयनियछ ।क्वारेन्टाइनमा रहेकाहरुले टेस्टका लागि अनशन गर्न थालेका छन् ।पालिकाका प्रमुखहरु अब धान्ने नसक्ने अवस्था आइसकेको बताउँछन् ।क्वारेन्टाइनमा ५ सय बढी मानिसहरु रहेका छन् ।पीसीआर टेस्ट नहुँदा कयौं दिन थप बस्नुपर्ने बाध्यताछ ।पालिकाहरुले आरडीटी प्रविधिबाट टेस्ट गराएर क्वारेन्टाइनबाट मानिसहरुलाई घर पठाउन थालेका छन् ।

'स्वाब लिएको २० दिन बितिसक्यो, अहिले सम्म रिर्पोट आएको छैन्' सबैला नगरपालिकाका मेयर विजय शंकर साहले भने, जनाए ।

पालिकाहरुले आफै लगानीगरि पीसीआर किट उपलब्ध गराउन चाहेपनि टेस्ट गर्न नसकिने प्राविधिकहरुले बताएका छन् ।क्वारेन्टाइनमा २० हजारको हाराहारीमा मानिस रहेकाले उनीहरुको पीसीआर टेस्ट गर्न धेरै समय लाग्न सक्ने प्राविधिकहरु बताउँछन् ।

'कोरोना भाइरसको संक्रमितहरुलाई घरकै आइसोलेशनमा राख्न प्रादेशिक अस्पतालले भन्न थालेकोछ 'मेयर साहले भने, घरमै आइसोलेशनमा राखिए समाजिक समस्या समेत निम्तिने जोखिम छ ।

'प्रदेश र संघीय सरकारको कोरोना भाइरससितको लडाइमा सहयोग छेन्' क्षिरेश्वरनाथ नगरपालिकाका मेयर योगेन्द्र पञ्जियारले भने, प्रदेश सरकारले आइसोलेशन र क्वारेन्टाइनमा समेत सहयोग गरेको छेन् ।पालिका एक्लेले धेरै सम्म थेग्न कठिन रहेको उनले बताए ।

प्रादेशिक क्वारेन्टाइन र आइसोलेशनमा मानिस राख्न बन्द गरिएकोछ ।नेपाली सेनाले तयारगरेको आइसोलेशनलेपनि संक्रमितहरुलाई राख्न सहज छेन् ।

प्रदेशको समाजिक विकास मन्त्रालयका अनुसार पीसीआर विधिबाट टेस्ट गर्न हाल सम्म संकलन गरिएको २१ हजार १६ स्वाब मध्ये ८ हजार ७ सय ५० को नतिजा आउन बाँकी छ ।

सिरहा जिल्लामा शनिवार स्वाब संकलन गरिएको छेन् ।सर्लाहीमा ३ सय ८ र धनुषामा १ सय ४ स्वाब संकलन गरिएकोछ ।पर्सामा ६९, बारामा ८२, रौतहटमा ८७, सप्तरीमा ३ सय ५०, महोत्तरीमा ५७ स्वाब संकलनभएको मन्त्रालयले जनाएकोछ ।

कोरोना भाइरस संक्रमितहरुको संख्या प्रदेशमा १ हजार ६६ पुगिसकेको छ ।रौतहटमा सर्वाधिक ३ सय ९६, सर्लाहीमा १ सय ७६, पर्सामा १ सय ११, धनुषामा १ सय , महोत्तरीमा ८७, सप्तरीमा ७६, बारामा ७० र सिरहामा ४७ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएकोछ ।

पीसीआर टेस्ट कछुवागतिमा हुन थालेपछि आरडीटी टेस्टमा जोड दिन थालिएकोछ ।हाल सम्म ९ हजार ९ सय ३९ जनाको आरडीटी विधिबाट टेस्ट गरिएकोमा ३ सय ३३ जना पोजिटिव देखिएको मन्त्रालयका प्रवक्ता डा.राम प्रसाद घिमिरेले जनाए ।

मन्त्रालयका अनुसार ४ सय २२ वटा क्वारेन्टाइनमा ३१ हजार ६ सय ३३ बेड छन् । २२ हजार २ सय ३२ जना क्वारेन्टाइनमा रहेका छन् ।

प्रदेशमा १ हजार ३ सय ९४ आइसोलेशन बेड रहेकोमा ६ सय ७७ जना भर्ना रहेका छन् ।

## संक्रमितको संख्या ३२३५

# कोरोना भाइरसको संक्रमणबाट १३ को मृत्यु

**टुडे समाचारदाता**

काठमाण्डु। नेपालमा शनिबार एकै दिन ३ सय २३ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गरेकोछ।

मन्त्रालयका प्रवक्ता डा. विकास देवकोटाका अनुसार ३ सय २३ जनाको रिपोर्ट पोजिटिभ आएसँगै संक्रमितको संख्या ३ हजार २ सय ३५ पुगेको हो। नयाँ संक्रमितमध्ये २ सय ८६ पुरुष र ३७ महिला छन्।

नेपालमा हालसम्म ३ सय ६५ जनाले कोरोना जितेर घर फर्केको प्रवक्ता देवकोटाले जनाए ।निको भएर घर फर्कनेमा २ सय ९९ जना पुरुष र ६६ महिला छन् । शनिबार मात्र ३५ जना डिस्चार्ज भएको उनले बताए ।

नेपालमा कोरोनाका कारण १३ जनाको मृत्यु भइसकेको डा.देवकोटाले जनाए।

कोरोना भाइरस संक्रमितहरुको संख्या पछिल्लो ५ दिनको बिवरण अनुसार २ सयदेखि ३ सय माथि सम्म एकै दिनमा संक्रमितहरुको पुष्टि भएकोछ ।हाल सम्म कोरोना भाइरस संक्रमितको संख्या गत बिहिवार सर्वाधिक बढी ३ सय ३४ रहेको थियो ।

मन्त्रालयका अनुसार शनिवार ३ सय २३, शुक्रबार २ सय ७८, बिहीवार सर्वाधिक ३ सय ३४, बुधबार २ सय १ र मंगलबार २ सय ८८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो। हरेक दिन संक्रमितको संख्या बढ्दै गएको छ। संक्रमित हुनेमा देलेखका ४७, कपिलवस्तुका ३९, सल्यानका ३८, महोत्तरीका ३५, बर्दियाका २८,सर्लाहीका २७, बाँकेका १२, स्याङ्जाका १०, सुर्खेतका १०, धनुषाका ८, सप्तरीका ८, रौतहटका ६ , बभ्काङका ६, मोरङका ६, सुनसरीका ५, काठमाण्डुका ४, जाजरकोटका ४, रुपन्देहीका ३, नवलपरासीका ३, कास्कीका ३, कञ्चनपुरका २, कैलालीका २, नवलपरासीका २, बागलुङका १, अछामका १, डडेलधुराका १, डोल्पाका १ अर्खाखाँचीका १ र भक्तपुरका १ जना छन् ।

मन्त्रालयका प्रवक्ता डा.देवकोटाका अनुसार हाल सम्म पीसीआर विधिबाट ९२ हजार ४ सय ७७ र आरडीटी विधिबाट १ लाख ३७ हजार ४ सय ३७ जनाको नमुना परीक्षण गरिएको छ। पछिल्लो २४ घण्टामा पीसीआर विधिबाट ४ हजार १ सय ११ र आरडीटी विधिबाट ५ हजार ५ सय ७० जनाको नमुना परीक्षण गरिएको छ।

आरडीटी विधिबाट गरिने टेस्ट भरपर्दो मानिदैन् । पीसीआर टेस्टका लागि किटको अभाव र रिर्पोटमा समय लाग्ने भएकाले आरडीटी विधि टेस्टमा जोड दिन थालिएकोछ।

प्रवक्ता डा. देवकोटाका अनुसार शनिवार दिउँसो सम्म १ लाख ६८ हजार ३१ जना क्वारेन्टाइनमा छन् । अहिले आइसोलेसनमा २ हजार ८ सय ५७ जनाको उपचार भइराखेको उनले बताए ।

# नेताहरु सहमति नजिक, आज जसपा दर्ता हुने

**टुडे समाचारदाता**

काठमाण्डु ।समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)का नेताहरु सहमति नजिक पुगेका छन् ।बैठकले दल दर्ताका लागि निर्णय लिने अधिकार महन्थ ठाकुर, बाबुराम भट्टराई र उपेन्द्र यादवलाई दिएकोछ ।

दल दर्ता सम्बन्धी कागजातहरु तयार गर्ने जिम्मेवारी सांसद लक्ष्मण लाल कर्णलाई दिएकोछ ।आइतवार विहान ९ बजे बस्ने बैठकमा दल दर्ताका लागि नेताहरुको नाम सार्वजनिक हुनेछ ।

दुवै दलका शीर्ष नेताहरुबीच शनिवार राजपाको कार्यालयमा बसेको बैठकले दल दर्ता गर्न आवश्यक कागजातहरु तयार गर्न र एकिकरण सम्बन्धी संयुक्त निर्णयिको माइन्युट लेख्ने काम कर्णले सुरु गरेका छन् ।

दुवै दलका नेताहरुबीच कार्यकारी अधिकारका लागि विवाद भएको थियो ।शक्ति बाँडफाँडमा सहमति हुन नसकेको कारण निरन्तर बैठक भइरहेको थियो ।

निर्वाचन आयोगले दल दर्ताका लागि आवश्यक कागजातहरु पेश गर्न दिएको ४५ दिनको समयावधीको आइतवार अन्तिम दिन हो ।

वैशाख १० गते राती पार्टी एकिकरण गरिएको घोषणागर्दै दुवै दलका नेताहरुले ११ गते निर्वाचन आयोगमा प्रतिबद्धता पत्र दर्ता गराएका थिए ।आयोगले ४५ दिन भित्र दल एकिकरण भएको कागजातहरु पेश गर्न समयसीमा तोकेको थियो ।त्यसका लागि दुवै दलले केन्द्रिय समितिबाट निर्णय गरिसकेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीले समाजवादी पार्टीलाई फुटाउन दल फुटाउने ऐनलाई अध्यादेशबाट संशोधन गरेका थिए ।समाजवादीका केहि सांसदहरु दल फुटाउने अन्तिम तयारीमा जुटेका थिए ।तर राती नै दुवै दल एकिकरण भएको घोषणा गरिएपछि समाजवादी पार्टी फुट्नबाट तत्काल जोगियो र राजपामाथिको फुट्ने खतरापनि टरेको थियो ।चौतर्फी दबाबपछि सरकारले त्यो अध्यादेश नै फिर्ता लिनु परेको थियो ।

दल दर्ताका लागि शक्ति बाँडफाँड नै मुख्य अबरोध बनेकाले बिधान र घोषणा पत्र तयारी भइसकेपनि सार्वजनिक हुन सकेको छैन् ।झण्डा र चुनाव चिन्हमा विवाद छैन् ।नामपनि सर्वसम्मतीबाट नै टुंगो लागिसकेको छ ।

जनता समाजवादी पार्टीलाई निर्वाचन आयोगले दलको रुपमा दर्ता गरेपछि संघीय संसद र प्रदेश सभाहरुमा पनि सो ही नामले स्थान छुट्टयाइनेछ ।







# विपन्न परिवारलाई राहत वितरण

सिकेन्द्र पासवान

कलैया । बाराको आदर्शकोतवाल गाउँपालिका-६ पटेर्वामा शनिबार राहत वितरण गरिएको छ । लक डाउनका कारण प्रभावित अति बिपन्न परिवारहरुलाई राहत वितरण गरिएको हो । पुर्व गाबिस अध्यक्ष रामअयोध्या राय यादवको प्रमुख आतिथ्यमा राहत वितरण गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै यादवले राहतले थोरै भएपनि असहायलाई राहत प्रदान भएको कुरामा जोड दिएका थिए ।



समाजमा रहेका ती गरिब, बिपन्न परिवारहरुलाई वडाध्यक्षले राहत नदिएको हुदा तिनीहरु बिचल्लीमा परेका थिए । मानवता, उदारवाद समाजमा देखाएकोमा दाताहरुलाई सबै वक्ताहरुले धन्यवाद ब्यक्त गरेका थिए । मिथिला वाईल्ड लाईफ ट्रष्ट, पंचुयल सेक्यूरिटी सर्भिसेस प्रालिको सहयोग र डाक्टर शोभाकर पराजुली, पर्साका समाजसेवी तरबेज आलमको समन्वय तथा स्थानिय पत्रकार अनिल गुप्ताको बिशेष पहलमा पटेर्वाका अति बिपन्न, गरिब, ज्यालादारी गर्ने ब्यक्तिहरु गरि ४० जना परिवारलाई राहत प्रदान गरिएको समाजसेवी शंकर प्रसाद साहले जानकारी दिए ।

राहत उपलब्ध गराएकोमा दाता संस्थाहरुलाई धन्यवाद ब्यक्त गर्दै सहयोगको अझै अपेक्षा रहने कुरामा जोगेन्द्र साहले बताए । बितरण कार्यत्रममा तत्कालिन पटेर्वा गाबिसका अध्यक्ष यमुना प्रसाद गुप्ता समाजसेवी महमिद मिया अंसारी, समाजसेवी शिवनाथ प्रसाद साह, ईलका प्रहरी कार्यालय महेन्द्र आर्दशका प्रहरी नायव निरिक्षक रामप्रसाद साह, बरिष्ठ पत्रकार सत्यप्रसाद श्रेष्ठ, पत्रकार महासंघ प्रदेश नमबर २ का सदस्य सिकेन्द्र पासवान, पत्रकार अनिल गुप्ता, मानिकचन साह, बिकी साह लगायतका सहभागितामा सो राहत प्रदान गरिएको थियो ।

चामल २० किलो, दाल डेढ किलो, सोयाविन आधा किलो, नुन १ किलो , तेल १ लिटर र साबुन १ पिस लगायतका समाग्री प्रदान गरिएको थियो ।

# क्वारेन्टिन व्यवस्थितरुपमा सञ्चालन गर्न आग्रह

काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले बाहिरबाट आएका व्यक्तिलाई राख्नका लागि बनाइएका क्वारेन्टिनलाई व्यवस्थितरुपमा सञ्चालन गर्न सरकारलाई आग्रह गरेको छ ।

आयोगका प्रवक्ता वेद भट्टराईले विज्ञप्ति निकालेर क्वारेन्टिन न्यूनतम मापदण्डविपरीत सञ्चालनमा रहेकाले आधारभूत मानव अधिकार संरक्षण गर्न व्यवस्थितरुपमा सञ्चालन गर्न आग्रह गर्नुभएको हो । झापा, रौतहट, पर्सा, सर्लाही, सप्तरी, कपिलवस्तु, बाँके, दैलेख, कञ्चनपुरलगायत जिल्लाका अधिकांश क्वारेन्टिन न्यूनतम मापदण्डविपरीत सञ्चालनमा रहेका विज्ञप्तिमा जनाइएको छ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ को प्रभावबाट नेपाल पनि जटिल अवस्थामा रहेको र हालसम्म मृत्यु भएका १३ जनामध्ये नौ जनाको मृत्यु क्वारेन्टिनभित्रै भएको आयोगको विज्ञप्तिमा उल्लेख छ ।रासस

# ठोरीवासी सीमा सुरक्षामा

चितवन । गत जेठ १५ गते ठोरी गाँउपालिको ठुटेखेला पुलसँगैको बाटो भारतीय सीमा सुरक्षा बलसहित नेपाल छिरेर केही भारतीयले बाटो भत्काइदिए । नेपाली भूमिमा प्रवेश गरी बाटो भत्काइरहेका भारतीयलाई स्थानीयवासीले प्रतिकार गरे । वर्षौंदेखि भारतीयबाट सीमा क्षेत्रमा यस्तो गतिविधि हुँदै आए पनि सरोकारवाला निकायको ध्यान नपुगेको स्थानीयवासी बताउँछन् । घटनापछि स्थानीयवासीले जिल्ला सुरक्षा समितिलाई यसबारे जानकारी गराएपनि कतैबाट सुनुवाइ नभएको उनीहरूको गुनासो छ ।

विसं २०२२ मा राजा महेन्द्रले सीमा सुरक्षा गर्न चितवनका केही स्थानीयवासीलाई ठोरीमा बसाइँ सारेको ठोरीवासी प्रकाश खनाल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "यस बीचमा भारतीयले पटकपटक रातको समयमा ठोरीमा रहेका नेपाल-भारत स्तम्भ पटक-पटक सार्ने काम हुने गरेको छ । कहिले सीमास्तम्भ सारेर, किनमेलका लागि भारत गएका नेपालीलाई दुःख दिने दशजगा नजिकै बसेका भारतीय सीमा सुरक्षा बल (एसएसबी) को दैनिकी नै बनेको छ ।" भारतीय पक्षको त्यस कार्यको विरुद्ध ठोरीवासीले प्रतिकार गर्ने गरेपनि उनीहरूको ध्यान दशगजा क्षेत्रमा रातारात कसरी 'क्याम्प' निर्माण गर्ने भन्ने रहेको खनालको भनाइ छ । यहाँ अन्यत्रजस्तो सीमा विवाद नभएपनि भारतीय पक्षले यस क्षेत्रलाई विवादित भन्दै नेपाली भूमिमा बारम्बार हस्तक्षेप गर्न खोजेको उहाँ बताउनुहुन्छ । भारतीयले यहाँको ठुटेखोला थुनेर कुलोबाट पानी लाने गरेका छन् । हिउँदको समयमा

> ***वर्षौंदेखि भारतीयबाट सीमा क्षेत्रमा यस्तो गतिविधि हुँदै आए पनि सरोकारवाला निकायको ध्यान नपुगेको स्थानीयवासी बताउँछन् । घटनापछि स्थानीयवासीले जिल्ला सुरक्षा समितिलाई यसबारे जानकारी गराएपनि कतैबाट सुनुवाइ नभएको उनीहरूको गुनासो छ। विसं २०२२ मा राजा महेन्द्रले सीमा सुरक्षा गर्न चितवनका केही स्थानीयवासीलाई ठोरीमा बसाइँ सारेको ठोरीवासी प्रकाश खनाल बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "यस बीचमा भारतीयले पटकपटक रातको समयमा ठोरीमा रहेका नेपाल-भारत स्तम्भ पटक-पटक सार्ने काम हुने गरेको छ।***

भने खोला सुक्खाजस्तै हुने गर्दछ । पुलसँगै जोडिएको कुलो पुरिएपछि अर्को कुलोलाई दोब्बर ठूलो बनाएर पानी नेपालबाट दिने सहमति पनि भएको छ । भारतीय सीमा सुरक्षा बल (एसएसबी) को संरक्षणमा भारतीय नागरिकले नेपाली भूमि प्रवेश गरेर सडक भत्काएपछि विवाद शुरु भएको थियो ।

पर्सा र चितवन जिल्लाको सीमामा पर्ने ठोरी विकासको हिसाबले पछि परेको छ । दुवै जिल्लाको सदारमुकामबाट करिब ६५ किमीको दूरीमा पर्ने यो ठाउँ भौगोलिकरूपमा दुवै जिल्लाका सदारमुकामबाट तीनदेखि चार घण्टासम्म यहाँ पुग्न सकिन्छ । "ठोरीलाई भारतीयहरू अर्को लिम्पियाधुरा, कालापानी र लिपुलेक बनाउन खोजिरहेका छन्, ठोरीवासी सुदीप थापाले भन्नुभयो, "नेपाली भूमिमा हातहतियारसहित एसएसबी प्रवेश गर्छन् । ठोरीमा भएका विकासमा बाधा पुऱ्याउने काम भइरहेको छ ।"भारतीयले भत्काइदिएको बाटो हुँदै अहिले हुलाकी सडकको काम पनि भइरहेको छ । रासस

# कूटनीतिक वार्ताबाटै भारतसँगका सबै समस्याको निकास खोज्नुपर्ने निष्कर्षमा 'मिनी' सदन

शरच्चन्द्र भण्डारी

काठमाडौँ, २४ जेठ (रासस) : उच्चस्तरीय कूटनीतिक वार्ताका माध्यमबाटै सिमानासहित भारतसँगका सबै समस्याको निकास खोज्नुपर्ने अपरिहार्यता सङ्घीय संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध समितिले औँल्याएको छ । मुलुकको राष्ट्रिय हित प्रवर्द्धन गर्दै पारस्परिक लाभ र सम्मानमा आधारित रहेर सरकारले संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता र पञ्चशीलका सिद्धान्तलाई केन्द्रमा राखेर परराष्ट्र सम्बन्ध विस्तार गरिरहेको अहिलेको बदलिँदो विश्व व्यवस्थामा यसलाई अझ सशक्त र प्रभावकारी तुल्याउनुपर्ने निष्कर्ष समितिले निकालेको छ ।

समितिले चालु आर्थिक वर्षमा गरेका काम कारवाही समेटिएको वार्षिक प्रतिवेदनमा देशको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान, नेपाल र नेपालीको हकहितको रक्षा, सिमानाको सुरक्षा, आर्थिक समुन्नतिलाई उच्च प्राथमिकता दिँदै आर्थिक कूटनीतिका माध्यमबाट वैदेशिक लगानी भित्र्याउने लक्ष्यलाई अक्षरसः कार्यान्वयन गर्नुपर्नेमा जोड दिएको छ ।

समितिले प्रतिनिधिसभा नियमावली, २०७५ अनुसार परराष्ट्र र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट हुने कामको अनुगमन र मूल्याङ्कन गरी आवश्यक सुझाव एवं निर्देशन दिने कार्यादेश पाएको छ ।

समितिको गत बिहीबार पारित गरेको तर सदनमा प्रस्तुत भइनसकेको राससलाई प्राप्त प्रतिवेदनमा नेपालले अन्तर ाष्ट्रिय सम्बन्धको आदर्शको रूपमा स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षालाई अक्षुण्ण राख्दै सार्वभौमिक समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय प्रतिष्ठा अभिवृद्धिलाई केन्द्रीय महत्व दिएको छ ।

> ***प्रतिवेदनमा भारतीय निजी कम्पनीले नेपालको गर्ने भनिएको इन्टरनेशनल इन्डियन फिल्म एकेडेमी पुरस्कार कार्यक्रम, सीमा सुरक्षा र डुबान समस्या, नेपाल वायुसेवा निगमको वाइडबडीसहित अन्य विमान खरिद, नागरिक उड्डयन, पर्यटन प्रवर्द्धन, नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धन र व्यवस्थापन, विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा क्षेत्र, तारा गाउँ विकास समितिको जग्गा प्रकरणको विषयलाई समेटिएको छ। यस्तै चीन र भारतबीचको सीमा क्षेत्रमा सुरक्षा जाँच चौकी (बिओपी) स्थापना, नेपालको नयाँ नक्सा जारी भइसकेपछि चीन र भारतले नेपाललाई पठाएका कूटनीतिक पत्राचार प्रतिवेदनमा सङ्ग्रह गरिएको छ।***

छिमेकी मित्रराष्ट्र, विकासका साझेदारहरू, श्रम गन्तव्य मुलुकलगायत अन्य सबै राष्ट्रहरूसँगको सम्बन्धलाई सुदृढ गर्दै बाह्य सम्पर्क र सम्बन्ध विस्तारका सिलसिलामा सुशासन, पारदर्शिता कायम राख्दै राष्ट्रिय हित र स्वार्थका विरुद्ध प्रतिकूल हुने गतिविधिलाई वर्जित गरिएको छ । नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डता रक्षा भारतलगायत विश्वका अन्य राष्ट्रमा रहेका नेपालीको कोभिड-१९ को महामारीबाट सुरक्षा, उनीहरूका समस्या सम्बोधन, उद्धार, बन्दाबन्दीले विदेशमा अलपत्र परेका नेपालीको उद्धार, अतिक्रमित नेपाली भूभागलाई समेटेर नेपालको नयाँ नक्सा प्रकाशन, भारतद्वारा नेपालको दार्चुला जिल्लाको लिपुलेक क्षेत्रमा निर्मित सडक, लिम्पियाधुरा, लिपुलेकलगायत कालापानी भूभागमा नेपालको सुरक्षा र प्रशासनिक उपस्थिति कायम गर्न नेपाल सरकारलाई दिइएका सुझाव र निर्देशन प्रतिवेदनमा समेटिएको छ ।

प्रतिवेदनमा भारतीय निजी कम्पनीले नेपालको गर्ने भनिएको इन्टरनेशनल इन्डियन फिल्म एकेडेमी पुरस्कार कार्यक्रम, सीमा सुरक्षा र डुबान समस्या, नेपाल वायुसेवा निगमको वाइडबडीसहित अन्य विमान खरिद, नागरिक उड्डयन, पर्यटन प्रवर्द्धन, नेपाल भ्रमण वर्ष २०२० को प्रवर्द्धन र व्यवस्थापन, विश्व सम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा क्षेत्र, तारा गाउँ विकास समितिको जग्गा प्रकरणको विषयलाई समेटिएको छ । यस्तै चीन र भारतबीचको सीमा क्षेत्रमा सुरक्षा जाँच चौकी (बिओपी) स्थापना, नेपालको नयाँ नक्सा जारी भइसकेपछि चीन र भारतले नेपाललाई पठाएका कूटनीतिक पत्राचार प्रतिवेदनमा सङ्ग्रह गरिएको छ ।

समितिका सुझाव तथा निर्णयहरूलाई कार्यान्वयन गर्न सरकारका तर्फबाट प्रतिबद्धता भए पनि समितिका धेरै निर्देशन पालना नभएका दुखेसासँगै समितिलाई आवश्यक, भौतिक, आर्थिक, मानवीय स्रोत साधन उपलब्ध गराउनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराइएको छ ।

नेपालको परराष्ट्र नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र मूल्याङ्कन विदेशी राष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घलगायतका अन्तर्राष्ट्रिय, क्षेत्रीय सङ्गठनहरूसँगको सम्बन्ध, नेपालस्थित विदेशी नियोगहरूसँग सम्बन्ध, समन्वय एवं विदेशमा नेपालको कूटनीतिक प्रतिनिधित्व, नेपाल परराष्ट्र सेवाको सञ्चालनका साथै नेपालको अन्तर्राष्ट्रिय सीमा-सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व अन्तर्राष्ट्रिय जगत्मा नेपालको प्रतिष्ठा अभिवृद्धिजस्ता विषयलाई पनि प्रतिवेदनमा उल्लेख छ । रासस

# प्रदेश सरकारलाई एम्बुलेन्स र शव वाहन खरिद गर्न निर्देशन

कर्णाली प्रदेशसभाअन्तर्गतको प्रदेश मामिला तथा विधायन समितिले कोभिड- १९ का सङ्क्रमित बढ्दै गएकाले पूर्वतयारीका लागि आवश्यक एम्बुलेन्स र शववाहन खरिद गर्न निर्देशन दिएको छ । समितिका अध्यक्ष पद्म रोकायाको अध्यक्षतामा प्रदेशसभा सचिवालयमा बसेको बैठकले प्रदेश सरकारलाई कम्तीमा १० एम्बुलेन्स र शववाहन खरिद गर्न निर्देशन दिएको हो ।

समितिका सदस्य धर्मराज रेग्मीले दैलेखमा सङ्क्रमित बोक्ने एम्बुलेन्स नभएको भन्दै दैलेखलगायतका उच्च जोखिममा रहेका जिल्लाका लागि तत्काल खरिद प्रक्रिया थाल्न सरकारलाई निर्देशन दिएको बताउनुभयो । "पिसिआर परीक्षण ढिला भइरहेको छ, जसले गर्दा मृत्युपछि कोरोना पुष्टि हुने अवस्था निम्तियो, उहाँले भन्नुभयो, "प्रदेश सरकारलाई नयाँ पिसिआर मेसिन जडान गरेर परीक्षणको दायरा बढाउन निर्देशन दिएका छौँ । विधायन समितिले प्रदेशमै परीक्षण ढिला भए स्वाब लिएर तत्काल अन्य प्रदेशका प्रयोगशालाबाट परीक्षणको व्यवस्था मिलाउन भनेको छ ।

समितिले क्वारेन्टिन, आइसोलेशन व्यवस्थापनमा पनि जोड दिन सुझाव दिएको छ । बैठकमा सरकारका तर्फबाट आन्तरिक मामिला तथा कानूनमन्त्री नरेश भण्डारी उपस्थित हुनुहुन्थ्यो । प्रदेश सरकारले प्रदेश विपद् व्यवस्थापन परिषद्मार्फत कोभिड- १९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक समन्वय गर्दै आएको छ ।

समितिको बैठकमा परिषद्का काम कारवाहीबारे पनि समीक्षा भएको बताइएको छ । कर्णालीमा हालसम्म ४९४ जनामा कोरोना सङ्क्रमण देखिएको छ भने तीन जनाको मृत्यु भइसकेको छ ।

# सामुदायिक विद्यालय सुधारको जिम्मेवारी निजीलाई नदिन आग्रह

काठमाण्डु । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ, नेपालले आगामी आवको बजेटमा उल्लेखित एक निजी विद्यालयले एक सामुदायिक विद्यालयको गुणस्तर सुधारको जिम्मेवारी लिने व्यवस्था हटाउन माग गरेको छ ।

सङ्घीय संसद्मा विचाराधीन आर्थिक वर्ष २०७७/७८ को बजेटको बुँदा नं १६६ मा भएको उक्त व्यवस्था संविधानको मर्म र जनभावनाविपरीत देखिएकाले त्यसलाई हटाइ संविधानप्रदत्त निःशुल्क तथा अनिवार्य शिक्षाको हक सुनिश्चित हुने बजेटको व्यवस्था गर्न माग गरिएको छ । सो बुँदामा "माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने सबै निजी विद्यालयको सामाजिक उत्तरदायित्व बहन गर्दै कम्तीमा एक सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार सामग्रीसहितको विद्यालयको शैक्षिक गुणस्तर सुधारको जिम्मेवारी लिनुपर्ने" उल्लेख छ । महासङ्घका अध्यक्ष कृष्ण थापा र महासचिव गुणराज मोक्तानले जारी गरेको विज्ञप्तिमा प्रदेश र स्थानीय सरकारले निर्माण गर्ने बजेटमा बालविकास केन्द्रका शिक्षक र विद्यालय कर्मचारीको सुविधा वृद्धि गरी सम्पूर्ण सामुदायिक विद्यालयमा कोभिड-१९ बाट बच्न आवश्यक पूर्वाधारको व्यवस्थाको पनि माग गरिएको छ ।

महासङ्घले अबदेखि कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एसइई) र कक्षा ११ को परीक्षा विद्यालयले गरेको आन्तरिक मूल्याङ्कनलाई नै राष्ट्रिय परीक्षा बोर्डले प्रमाणीकरण गरी ग्रेड सिट र प्रमाणपत्र दिने व्यवस्था गर्न, कोभिड-१९ महामारीका कारण लामो समयदेखि विद्यालय बन्द भएको अवस्थामा वैकल्पिक विधि र माध्यमबाट तत्काल पठनपाठन शुरु गराउन आग्रह गरेको छ ।रासस

# ३२ जनाले कोभिड-१९ जिते

काठमाण्डु । कोभिड- १९ लाई अहिलेसम्म ३६५ जनाले जितेका छन् । सङ्क्रमित बढेसँगै दैनिक कोभिड- १९ बाट निको भएर घर फर्कनेका संख्या पनि वृद्धि हुँदै गएको छ । अहिलेसम्म ७० जिल्लामा तीन हजार २३५ सङ्क्रमित पृष्टि भएका छन् । शुक्रबार एकै दिन ४३ जनाले सङ्क्रमण जितेर घर फर्किका थिए भने ३२ जनाले जितेर घर गएका छन् । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा देवकोटाले शनिबार विभिन्न अस्पतालबाट ३२ जना डिस्चार्ज भएका जानकारी दिनुभयो । डिस्चार्जमध्ये पाँच महिला र २७ पुरुष रहेका छन् । अहिलेसम्म डिस्चार्ज हुनेको संख्या ३६५ पुगेको छ । तीमध्ये २९९ पुरुष

> ***अहिलेसम्म ७० जिल्लामा तीन हजार २३५ सक्तमित पृष्टि भएका छन्। शुक्रबार एकै दिन ४३ जनाले सक्तमण जितेर घर फर्किका थिए भने ३२ जनाले जितेर घर गएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा देवकोटाले शनिबार विभिन्न अस्पतालबाट ३२ जना डिस्चार्ज भएका जानकारी दिनुभयो। डिस्चार्जमध्ये पाँच महिला र २७ पुरुष रहेका छन् । अहिलेसम्म डिस्चार्ज हुनेको संख्या ३६५ पुगेको छ। तीमध्ये २९९ पुरुष र ६६ महिला छन्।***

र ६६ महिला छन् । जनकपुर प्रादेशिक अस्पतालमा रहेका धनुषा, महोत्तरी, सर्लाही, झापाका १५ जना डिस्चार्ज भएका छन् । तीमध्ये एक महिला र १४ पुरुष रहेका छन् ।

१८ वर्षदेखि ४५ वर्षका उहाँहरु १२औँ दिनदेखि १७औँ दिनसम्म अस्पतालमा रहेर डिस्चार्ज भएका हुन् । यस्तै बाँकेको खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालका दुई महिला र दुई पुरुष डिस्चार्ज भएका छन् । उहाँहरु बाँके र गुल्मीका हुन् । २३ देखि ३५ वर्ष उमेर समूहका उहाँहरु १५औँ दिनदेखि १७औँ दिनमा डिस्चार्ज भएका हुन् ।

सेती प्रादेशिक अस्पतालबाट बैतडी र अछामका पाँच रहेका छन् । तीमध्ये एक महिला छन् । रासस

## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथुन | : अवसर प्राप्त । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : सुख समृद्धि हुने । |
| तुला | : पारिवाहिक सुख । |
| बृश्चिक | : पुरस्कार प्राप्त लाभ । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५२००४४ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ४६ प्रतिशत उद्योग मात्र सञ्चालनमा

काठमाण्डु । बन्दाबन्दी लम्बिँदै जाँदा अत्यावश्यक वस्तु उत्पादन गर्ने उद्योगको उत्पादन क्षमतामा कमी आउन थालेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले शनिबार सार्वजनिक गरेको तथ्यांकानुसार बन्दाबन्दीको शुरुवाती चरणमा भन्दा हाल उद्योग सञ्चालनमा कमी आउन थालेको हो ।

बन्दाबन्दीको शुरुआती चरणमा ४९ देखि ५१ प्रतिशतसम्म सञ्चालनमा आएको उद्योग हाल (जेठ २० गतेसम्म) ४६ प्रतिशतमा भत्रेको उद्योग मन्त्रालयका प्रवक्ता प्रकाश दाहालले बताउनुभयो । उहाँका अनुसार मुख्य पाँच औद्योगिक करिडोर अत्तरिया-धनगढी, नेपालगञ्ज-कोहलपुर, बुटवल-बेलहिया, पथलैया-वीरगञ्ज र इटहरी-विराटनगरमा शुरुको एक महिना (वैशाख १३ गतेसम्म) ४९ प्रतिशत उद्योग सञ्चालन भएका थिए ।

एक महिनाका अवधिमा १० औद्योगिक क्षेत्रमा रहेका अत्यावश्यक वस्तु उत्पादन गर्ने ५९७ उद्योगमध्ये १५० उद्योग मात्र सञ्चालनमा रहेका थिए । पूर्ण क्षमतामा सञ्चालन हुन नसकेका उक्त उद्योगमा बन्दाबन्दी अगाडि पाँच हजार १९० मजदूर रहेकामा एक महिनामा एक हजार ६०२ जना मात्र कार्यरत रहेका थिए । यसैगरी गत वैशाख १३ सम्म ४९ प्रतिशतमा सञ्चालनमा आएका उद्योग वैशाख मसान्तसम्म ५१ प्रतिशतमा सञ्चालनमा आएका थिए ।

वैशाख मसान्तसम्म ३४९ उद्योग सञ्चालनमा रहेकामा जेठ २० सम्ममा अत्यावश्यक वस्तुको उत्पादन गर्ने ३३८ उद्योग सञ्चालनमा छन् । चैतमा पूर्ण क्षमतामा सञ्चालनमा रहेका अक्सिजन र एलपी ग्यास उद्योग हाल पूर्ण क्षमतामा सञ्चालनमा छन् भने अन्य उद्योगको सञ्चालन क्षमतामा कमी आएको छ । मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकानुसार चैतमा ८० प्रतिशतसम्म सञ्चालनमा रहेको खाद्य उद्योग (बिस्कुट, चाउचाउ) हाल ५० देखि ६० प्रतिशत, ७५ प्रतिशत क्षमतामा सञ्चालन रहेको खाद्य उद्योग (चामल, चिउरा, दाल, पीठो, तेल आदि) हाल ५५ प्रतिशत तथा ८० प्रतिशत सञ्चालनमा रहेको दुग्ध उद्योग हाल ६० प्रतिशतमा सञ्चालन भएका छन् ।

यसैबीच पचास हजार मेट्रिक टन मौज्दात रहने चिनी उद्योगमा हाल चालीस हजार मेट्रिक टन चिनी मौज्दात छ । चैतमा ८० प्रतिशत सञ्चालनमा रहेको दाना, ह्याचरी र कुखुरापालन उद्योग हाल ४० प्रतिशत, ७० प्रतिशत सञ्चालनमा रहेको औषधि उद्योग हाल ६० प्रतिशत, पूर्ण क्षमतामा सञ्चालनमा रहेको खानेपानी उद्योग ६० र ७० प्रतिशत सञ्चालनमा रहेको चिया उद्योग हाल ३० देखि ४० प्रतिशतसम्म सञ्चालनमा छन् ।

बन्दाबन्दीपूर्व ११ हजार ७३६ मजदुर कार्यरत रहेकामा हाल चार हजार ९ सय मात्र कार्यरत तथा छ हजार ८३६ मजदूर अनुपस्थित छन् । सञ्चालनमा रहेका सबै उद्योग बन्दाबन्दीको पूर्णपालना गरेर सञ्चालन गरिएको जनाइएको छ ।रासस

# आजदेखि मौसममा सुधार हुँदै जाने

काठमाण्डु । आइतबारदेखि देशभर मौसममा क्रमिक सुधार हुँदै जाने भएको छ । अरब सागरमा रहेको 'निसर्ग' चक्रवात कमजोर भई बनेको न्यून चापीय प्रणालीको प्रभावले प्रभावित मौसम भोलि पश्चिमी भूभागबाट विस्तारै सुधार हुँदै जाने बताइएको छ । वरिष्ठ मौसमविद् मीनकुमार आर्यालका अनुसार आकाशको बादल र वर्षालाई हेर्दा मनसुन सत्रिय भएकोजस्तो लागे पनि यो मनसुन नभई अन्य प्रणाली हो ।

सामान्यतया नेपालमा जुन १० देखि मनसुन शुरु हने गर्दछ । यस वर्ष औषत समयभन्दा एक साता ढिलो मनसुन भित्रिने अनुमान मौसमविद्को छ । नेपालमा मनसुन भित्रिनका लागि दक्षिणपूर्वी हावा बङ्गालको खाडीबाट वायुमण्डलको तल्लो सतहदेखि करिब छ किलोमिटर माथिसम्म प्रवेश हुनुपर्छ । अहिले वायुमण्डलको तल्लो सतहमा मात्र त्यस्तो हावाको प्रवेश देखिएको छ। जलवाष्युक्त हावाको वायुमण्डलको माथिल्लो सतहमम्म प्रभाव कायम रहेमा मनसुन शुरु हुने मौसमविद् आर्यालले जानकारी दिनुभयो ।

हाल देशभर सामान्यदेखि पूर्ण बदली रही प्रदेश नं १, गण्डकी प्रदेश, सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र वाग्मती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम खालको वर्षा र प्रदेश नं ५ र प्रदेश नं २ का एक-दुई स्थानमा हल्का वर्षा भइरहेको छ ।

दिउँसो प्रदेश नं १, २ र वाग्मती प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रही बाँकी प्रदेशका एक-दुई स्थानहरूमा हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।रासस

# स्थानीय उत्पादन बजारसम्म पुग्ने भारतीय उत्पादन गाउँगाउँमा

काठमाण्डु । प्रतिनिधिसभाका सदस्यले किसानको उत्पादन बजारमा जान नसकिरहेका बेला भारतबाट आयातित कृषिजन्य वस्तु भने गाउँगाउँमा पुगेको भन्दै चिन्ता प्रकट गर्नुभएको छ ।

प्रतिनिधिसभाको आजको बैठकमा 'विनियोजन विधेयक २०७७' माथि जारी छलफलमा भाग लिँदै सांसदहरुले मुलुकको कृषि उत्पादनलाई बजारीकरण गर्न सरकारले विशेष योजना ल्याउनुपर्नेमा जोड दिनुभएको छ ।



नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का धर्मशीला चापागाईले नेपाली किसानले उत्पादन गरेको वस्तु बजारमा पुग्दैन तर भारतको उत्पादन कसरी गाउँगाउँमा पुगिरहेको छ भनी प्रश्न गर्नुभयो । उहाँले कृषिको उत्पादन र बजारीकरणमा ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो । पशुपालन र कृषिलाई १२ कक्षासम्म पढ्न पाउने गरी ऐच्छिकरुपमा पाठ्यक्रममा राख्नुपर्नेमा उहाँले जोड दिनुभयो । सांसद चापागाईले चियालाई सम्बोधन गर्ने गरी बजेट आउनुपर्नेमा त्यसो हुन नसक्दा पूर्वका धेरै किसानले चित्त दुखाएको जानकारी गराउनुभयो ।

नेकपाकै राधा ज्ञवालीले कोभिड-१९ को कहरलाई सम्बोधन गर्ने गरी बजेट आएको तर अझै स्वास्थ्य मन्त्रालयको बजेट कम भएको उल्लेख गर्नुभयो । उहाँले कृषिमल, बीउ समयमै उपलब्ध गराउन र तरकारी, फलफूल, मासु, अण्डा र दुधजन्य वस्तुको उचित बजारीकरण गर्नसमेत माग गर्नुभयो । राज्यले किसानको उत्पादनको संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले हिमाली क्षेत्रको खर्कलाई विकास गरी भेडापालनमार्फत ऊन उत्पादनतर्फ ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो । यस्ते फलफूल उत्पादन वृद्धि गर्नेतर्फ जोड दिन र दक्षिण तराईमा खाद्यान्न उत्पादनमा प्राथमिकता दिन उहाँले आग्रह गर्नुभयो । ऊर्जा खपतको वातावरण निर्माण गरी ऊर्जा उत्पादनमा सहुलियत कार्यक्रम ल्याउनसमेत उहाँले सरकारलाई आग्रह गर्नुभयो ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका पुष्पा भुसालले बजेटले सङ्कट मुक्तिका लागि अपेक्षाअनुसार काम गर्न नसक्ने जिकिर गर्नुभयो ।

सदनमा विनियोजन विधेकमाथिको छलफलमा भाग लिँदै उहाँले सरकारले पूर्वाधारमा बढी बजेट विनियोजन भएको जिकिर गर्नुभयो । उहाँले कोरोनाको उपचार आरडिटी नभएको भनेर विश्व स्वास्थ्य सङ्गठनले भनिसकेको अवस्थामा सरकार किन आरडिटी किन्नतिर ध्यान केन्द्रित गरिरहेको छ भनी प्रश्न गर्नुभयो ।

साठी प्रतिशतभन्दा बढी मानिस कृषिमा आश्रित रहेको मुलुक श्रमिक प्रधान देश भइरहेको भन्दै उहाँले कृषिमा आवश्यक बजेट उपलब्ध गराउन माग गर्नुभयो । यो वा त्यो नाममा कृषिको बजेट अन्य मन्त्रालयमा लगेर सरकारले कृषिको धज्जी उडाएको उहाँले आरोप लगाउनुभयो । भुसालले रोजगारी सिर्जना गर्नेतर्फ बजेट केन्द्रित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

विनियोजन विधेयकअन्तर्गत कृषि तथा पशुपक्षी, अर्थ, श्रम तथा रोजगार, सञ्चार तथा सूचना प्रविधि, संस्कृति पर्यटन, उद्योग स्वास्थ्यलगायत शीर्षकमा आज सदनमा छलफल भएको थियो । सांसद विमला विश्वकर्मा, श्यामकुमार श्रेष्ठ, मायादेवी न्यौपाने, तिर्था गौतम, कमला रोका, हितबहादुर तामाङ, अञ्जना विसन्ते, निरादेवी जैरु, प्रकाश रसाइली, छक्कबहादुर लामालगायतले विनियोजन विधेयकमाथि आआफ्नो धारणा राख्नुभएको थियो ।रासस

# स्वस्थ्य खाद्यान्न र सन्तुलित आहारले कोभिड- १९ विरुद्ध प्रतिरोध क्षमता बढाउँछ

काठमाण्डु । कोभिड- १९ बाट सिर्जित जोखिमका बीच आइतबार विश्व खाद्य स्वच्छता दिवस 'खाद्य पदार्थमा स्वच्छता : हामी सबैको प्रतिबद्धता' मूल नाराका साथ मनाइँदैछ ।

उक्त दिवसका अवसरमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा शनिबार यहाँ आयोजित कार्यत्रमका सहभागी विज्ञले कोभिड-१९ को सङ्क्रमणको जोखिमबाट बच्न सुरक्षित र गुणस्तरीय भान्साका आवश्यक सरुक्षाका आवश्यक उपाय अपनाउन सुझाव दिनुभयो ।

खाद्यान्नबाट मानिसमा उक्त रोगको सङ्क्रमण भएको हालसम्म कुनै प्रमाण नभेटिएको उल्लेख गर्दै वक्ताले लकडाउन खुकुलो भएको अवस्थामा उपभोक्ता र बिक्रेताले अझ बढी सजग र सतर्क हुन आवश्यक रहेको धारणा राख्नुभयो ।


त्रिभुवन विश्वविद्यालयका प्रा डा गङ्गा खरेलले खाद्य पदार्थमा स्वच्छता कायम गर्न नसकिएको खण्डमा गरिब र निमुखा जनता नै त्यसको मारमा पर्ने बताउनुभयो । खाद्य स्वच्छता सङ्क्रमण फैलिने र नफैलिन दुवै रोगका लागि महत्वपूर्ण रहेको जानकारी दिँदै प्राध्यपक खरेलले सबैखाले स्वास्थ्य खाद्यान्न र फलफूलको सन्तुलित आहारले कोभिड- १९ सँग प्रतिरोध गर्ने क्षमता विकास गर्ने जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "कोभिड १९ होस् वा नहोस् मानिस बच्ने सबैभन्दा ठूलो औषधि खाना हो, खाद्यान्नकै कारण मानिसलाई २०० थरी रोग लाग्छ, १० जना मानिसमध्ये एक जना खाद्यान्नकै कारण बिरामी हुन्छन्, त्यसकारण अहिले रोगसँग डराउने होइन, सजग र सावधानी अपनाउने हो ।

भूकम्पले हाम्रा गाउँघरमा नयाँ घर दिएजस्तै कोभिडले पनि विश्वको स्वास्थ्य क्षेत्रमा रुपन्तरण ल्याउने विश्वास व्यक्त गर्दै प्रा डा खरेल भन्नुहुन्छ, कोभिडबाट बच्चका लागि प्रतिरोध क्षमता विकासका लागि शारीरिक व्यायम गर्न, सन्तुलित आहार, मनमस्तिष्कलाई शान्त राख्न, बसाइ सकारात्मक सोच र शान्त वातावरण बनाउन आवश्यक हुन्छ ।रासस

# गाउँमै रोजगारीको व्यवस्था मिलाउनुपर्छः वरिष्ठ नेता पौडेल

काठमाण्डु । नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले गाउँमै रोजगारीको व्यवस्था मिलाउनुपर्ने बताउनुभएको छ । सामाजिक लोकतन्त्र अध्ययन केन्द्रले शनिबार यहाँ आयोजना गरेको 'कोरोनाको सङ्क्रमण र विश्व परिवेश' विषयक भर्चुअल कार्यत्रममा उहाँले भोकमारी र बेरोजगारीको अन्त्यका लागि गाउँमुखी अर्थनीति र जनमुखी राजनीति आवश्यक रहेको बताउनुभएको हो ।



वरिष्ठ नेता पौडेलले गाउँमुखी अर्थनीतिलाई अगाडि ल्याएर कोरोनाको सङ्क्रमणमा गाउँ फर्केका नागरिकलाई गाउँमै रोजगारी र गाउँमै आम्दानीको व्यवस्था मिलाउनुपर्ने बताउनुभयो । शहरमा उपलब्ध सेवालाई गाउँमा लगेर रोजगारी र आम्दानीको व्यवस्था मिलाउनसकेमात्र मुलुकको अर्थतन्त्र जोगाउन सकिन्छ, उहाँले भन्नुभयो । उहाँले राज्यको सामाजिक रुपान्तरण हुन नसकेका कारण रुकुमको चौरजहारीमा जातीय विवेदसम्बन्धी घटना घटेको बताउनुभयो । सरकारले कोरोनाविरुद्धको लडाईंमा सबैलाई समेटेर अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यत्रममा काँग्रेस कपिलवस्तुका सभापति सुरेन्द्र आचार्य, रोल्पाका सभापति अमर सिंह पुन, गुल्मीका सभापति भुवन आचार्य, इलामका सभापति हिमालय कर्माचार्य, संखुवासभाका सभापति दिपेन श्रेष्ठ, पाँचथरका सभापति नरेन्द्र केरुङ, कास्कीका सभापति कृष्ण केसी, तनहुँका कार्यवाहक सभापति जीतप्रकाश आलेलगायतको उपस्थिति थियो ।

**पुराना नेता खत्रीको निधनप्रति काँग्रेसद्वारा दुःख व्यक्त**

नेपाली काँग्रेसले पार्टीका अग्रज नेता क्याप्टेन लालबहादुर खत्रीको निधनप्रति दुःख व्यक्त गरेको छ । पार्टी केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले आज शोक विज्ञप्ति जारी गर्दै जेठ २० गते निधन हुनुभएका रुपन्देहीका अग्रज नेता ८५ वर्षीय खत्रीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको हो ।

काँग्रेस रुपन्देही पडसरी गाउँ कार्यसमितिका पूर्वसभापति एवं विसं २०४९ को स्थानीय तहको निर्वाचनमा पडसरी गाउँविकास समितिको उपाध्यक्ष खत्रीको निधनले लोकतान्त्रिक आन्दोलनमा ठूलो क्षति पुगेको काँग्रेसले जनाएको छ । काँग्रेसले भूतपूर्व सैनिक सङ्घ रुपन्देहीका पूर्वसदस्य स्व खत्रीप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दै आत्माको चीरशान्तिको कामना साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ ।रासस

# प्रधानमन्त्री ओलीको रचना रहेको गीति एल्बम विमोचन

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीलगायत गीतकार रहेको गीति एल्बम 'समृद्ध नेपाल, सुखी नेपाली'को विमोचन गरिएको छ । मध्यपुरथिमि नगरपालिका-४ कमेरोटारको खुला ठाउँमा शनिबार दुई सडक मानव सानुकान्छा तामाङ र मुगा कार्कीले उक्त गीति एल्बमको विमोचन गर्नुभयो ।



राष्ट्रिय युवा सङ्घ नेपालका सहसंयोजक रमेशकुमार पौडेलेको संयोजनमा तयार भएको एल्बममा प्रधानमन्त्री ओलीसहित पाँच रचनाकारको गीत समावेश गरिएको छ । एल्बममा प्रधानमन्त्री ओलीले रचना गर्नुभएको गीत 'स्वदेशमै रोजगारी स्वदेशमै बास रोजिँदैन प्रवासलाई' गायक शान्तिराम राई र मेलिना राईले आवाज दिनुभएको छ । त्यस्तै पौडेलले रचना गर्नुभएको 'हेर हाम्रो हिमाल हाँसेको हेर्न खोज्यौ सुखी खुशी जनता नाँचेको' गीतमा बद्री पङ्गेनी र मेलिना राईले आवाज दिनुभएको छ ।

रचनाकार विपिन किरणको 'समृद्ध नेपाल, सुखी नेपाली' बोलको गीत र पौडेलको रचना रहेको अर्को गीत 'मुर्झिएका सपनाहरु ब्युँझायौं तिमीले'मा भने राजेश पायल राईले आवाज दिनुभएको छ । त्यस्तै विपिन किरणको रचना रहेको अर्को गीत 'पूर्वपश्चिम सीमातिर दुस्मनले नजर लगायो' मा बद्री पङ्गेनी र मेलीना राईले आवाज दिनुभएको छ । किरण त्रिव्यसनले बजार व्यवस्थापन गरेको गीतिसङ्ग्रहमा आमोश तामाङको सङ्गीत संयोजन रहको छ भने एल्बमका सबै गीतमा प्राज्ञ शान्तिराम राईले सङ्गीत दिनुभएको छ ।

प्रधानमन्त्री ओलीले राष्ट्रियताका पक्षमा लिनुभएको अडान र समृद्ध नेपाल, सुखी नेपाली बनाउन लिनुभएको पहलकदमीलाई जनतामाझ लेजाने उद्देश्यले गीतिसङ्ग्रह तयार पारिएको संयोजक पौडेलले जानकारी दिनुभयो । कार्यत्रममा यहाँ रहेका ७० जनाभन्दा बढी सडक मानवलाई खाना खुवाइएको थियो ।रासस

# मानवीय सेवामा तल्लीन भए बर्दिवासका युवा

बर्दिबास । "मलाई नयाँ जिन्दगी दिने यी नानीहरूको जय होस्", बर्दिवास अस्पतालमा चार दिनको उपचारपछि आँखा खोल्नुभएका करिब ८५ वर्षीय वृद्ध चित्रबहादुर अधिकारीले गहँभरि आँशु पार्दै भन्नुभयो ।

घुमन्ते जीवन बिताउँदै आउनुभएका उहाँलाई गत सोमबार जनसहयोगी युवा सञ्जाल बर्दिवासमा आबद्ध युवाले बर्दिवास-१४ वडा कार्यालय अगाडिको चौतारामा अचेत ढलिरहेका बेला उद्धार गरेर अस्पताल पुऱ्याएका थिए ।

*घुमन्ते जीवन बिताउँदै आउनुभएका उहाँलाई गत सोमबार जनसहयोगी युवा सञ्जाल बर्दिवासमा आबद्ध युवाले बर्दिवास-१४ वडा कार्यालय अगाडिको चौतारामा अचेत ढलिरहेका बेला उद्धार गरेर अस्पताल पुऱ्याएका थिए । "म खानु न पिउनु भएर ढलेको थिएँ, उठेर कतै निस्कने ताकत थिएन", ती वृद्धले सञ्जालका युवाप्रति कृतज्ञता भाव दर्शाउँदै भन्नुभयो, "खै कुन प्रेरणाले हो, यी बाबुहरूले मेरो निकै सेवा गर्नुभयो, अब नयाँ जीवन पाएँ ।"*

"म खानु न पिउनु भएर ढलेको थिएँ, उठेर कतै निस्कने ताकत थिएन", ती वृद्धले सञ्जालका युवाप्रति कृतज्ञता भाव दर्शाउँदै भन्नुभयो, "खै कुन प्रेरणाले हो, यी बाबुहरूले मेरो निकै सेवा गर्नुभयो, अब नयाँ जीवन पाएँ ।" सो सञ्जाल आवद्ध युवाको हेरचाह र अस्पतालको उपचारले तङ्ग्रिनुभएका उहाँलाई अब भने फेरि कसरी जीवन धान्ने भन्ने चिन्ताले पिरोल्न थालेको छ । "सेवा र उपचार पाएर उठ्ने त भएँ, तर अब फेरि तङ्ग्रिएको शरीर धान्नु त पऱ्यो", उहाँले अस्पतालको शय्यामै सुस्केरा हाल्दै भन्नुभयो, "यो बूढो शरीरको रेखदेख अब के होला ?" उपचारले निको हुँदै गएर अब बोलचाल गर्न थाल्नुभएका उहाँले आफ्नो परिचयमा नाम र घर रामेछापबाहेक अन्य केही बताउनुभएन ।

चौताराबाट युवाले ती वृद्धलाई न्वाइँध्वाइ गरिदिएर लुगा फेराइदिइ स्टेचरमा बोकेर सो अस्पताल पुऱ्याएका थिए । अस्पतालमा चिकित्सक र स्वास्थ्यकर्मीको नियमित रेखदेख र सेवाले अब राम्ररी तङ्ग्रिदै आउनुभएका उहाँलाई अब नियमित खानपिन, सरसफाइ र राम्रो हेरचाहको आवश्यकता रहेको उहाँको उपचारमा संलग्न चिकित्सक डा अनिल फुँयालको भनाइ छ ।

"हामी लकडाउनका बेला गल्लीकुची र बाटोघाटोमा कुनै बेसहारा भोकै छन् कि भनेर ठाउँठाउँ हेर्दै थियौं, चौतारामा वृद्ध अचेत अवस्थामा देखिनुभयो", सञ्जालआवद्ध १८ वर्षीय किशोरी जमुना साहले भन्नुभयो, "त्यतिखेर उहाँ खानसक्ने हुनु हुन्थेन, न्वाइँध्वाइ गराएर लुगा फेरायौं र तत्काल अस्पताल पुऱ्यायौं, अस्पतालको राम्रो रेखदेखले उहाँ सामान्य हुँदै गएपछि हामीलाई आफ्नो कामले फुरुङ्ग बनाएको छ ।" अब आवश्यक औषधि र चिकित्सकको परामर्शअनुसार सामग्रीको जोहो गरेर उहाँका आफन्तजनको खोजी गरी जिम्मा लगाइने सञ्जालको तयारी छ ।

लकडाउन लम्बिँदै जाँदा बजार क्षेत्र, सडक क्षेत्र र विभिन्न कार्यालय परिसर वरपर खान नपाएर भौंतारिएका मानिस बढ्दै गएपछि 'सडक मानव'लाई तत्काल भोजन गराउने उद्देश्यसाथ सञ्जाल नै गठन गरेर युवाले अभियान शुरु गरेका हुन् । जेठको दोस्रो साताको प्रारम्भसँगै शुरु गरिएको यो अभियानमा दिनहुँ ३५-४० सङ्ख्याका भोका बटोही (सडकयात्री) लाई भोजन गराइँदै आइएको सञ्जालका अध्यक्ष परमेश्वर महतो जानकारी दिनुभयो ।

"लकडाउनका बेला अन्य व्यावसायिक काम थाँती राखेर मानवीय सेवाका काममा थोरै सहयोग गर्ने उद्देश्यले सडक मानवलाई भोजन गराउन थाल्यौं", उहाँले भन्नुभयो, "गर्दागर्दै नजिकका बस्तीमा गरिबको चुलो निभ्न थालेका र असहायको जीवन कष्टकर बनेका खबर पाएसँगै त्यहाँ पुग्न थाल्यौं, यसले कामको क्षेत्र बढाएको छ ।" शुरुमा सञ्जालमा आवद्ध ११ युवा साथीको गोजीबाटै शुरु गरिएको अभियानमा काम थपिँदै गएसँगै सहयोगी हात पनि भेटिएको उहाँको भनाइ छ ।

सञ्जालले यसअवधिमै सडकयात्रीलाई भोजन गराउनसँगै बाटोमा भेटिने जीर्ण रोगीलाई उद्धार गरी अस्पताल पुऱ्याउने, गरिबका घरमा खाद्यान्न पुऱ्याउने र असहायलाई तत्काल केही राहत दिने गर्दै आएको छ ।

यसबीचमा बर्दिवास नगर क्षेत्रका अतिविपन्न ६० परिवारलाई सञ्जालले चामल, दाल, नुन, खानेतेलसहितका सामग्रीको पोका घरै पुऱ्याइदिएको छ । सञ्जालको सहयोगले पुत्रशोकले आहत भएको जिल्लाकै औरही नगरपालिका-१ का श्यामकिशोर चौधरीको परिवारलाई राहत भएको छ । वैदेशिक रोजगारीमा कतार गएका छोरा अनिल चौधरीलाई त्यहाँको सरकारले गत वैशाखमा मृत्युदण्ड दिएको खबरले आहत भएको चौधरी परिवारलाई भेट्न सञ्जाल आवद्ध युवा दुई बोरा चामलसहित पुग्दा चौधरी परिवारले राहत महसुस गरेको हो ।रासस

**Provincial Government**

**Province No. 2**

## Ministry of Social Development

## Provincial Hospital

## Janakpurdham, Dhanusha

## Notices for the Letter of Intent

**First Publication Date:- 7th June 2020**

Pursuant to Sub Clauses 27.2 and 27.3 of public procurement Act 2063, this is to notify all the bidders who submitted their bids for the contract identification No. mentioned below as per the Invitation for Bids published in the national daily newspaper "Janakpur Today" on 19th May 2020, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract.

| Contract ID No. | Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|---|
| PH/SQ/07/077/1 | PCC Road work | Aditya Construction, Janakpur-15, Dhanusha | 1905350.40 |
| PH/SQ/076/077/2 | Compound wall Construction work | Krish Construction Pvt. Ltd., Janakpur-2, Dhanusha | 1923409.39 |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# एकिकरण गर

तराई मधेश केन्द्रित दुईवटा दल समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टी(राजपा)सैद्धान्ति र नीतिगत रुपमा एकजुट भएर जनता समाजवादी पार्टी बनेको प्रतिबद्धता पत्र निर्वाचन आयोग र संघीय संसद सचिवालयमा दर्ता भैसकेकोछ ।दुवै दलको केन्द्रिय समितिले एकिकरणलाई अनुमोदन समेत गरिसकेकोछ ।निर्वाचन आयोगमा वैशाख ११ गते समाजवादी र राजपा मिलेर जनता समाजवादी पार्टी बनेको जनाउदिइसकेकोछ ।त्यो अधारमा नै आयोगले ४५ दिन भित्र आवश्यक कागजातहरु पेश गर्ने समयावधी तोकेको थियो ।दुवै दलका केन्द्रिय सदस्यहरुको हस्ताक्षर लिन नेताहरुले घरघरमै माइन्युट पठाएका थिए ।सबैले हस्ताक्षर समेत गरेर निर्णयको अनुमोदन गरिसकेका छन् ।दुवै दलले विधान र घोषणापत्र समेत तयार गरिसकेका छन् ।तर ती कागजातहरु सहित केन्द्रिय समिति र पदाधिकारीहरु सहितको नामावली समेत बुझाउनुपर्छ ।दुवै दलले डेढ महिनादेखि त्यो तयार पार्न सकेको छैन् ।दुवै दल एकिकरणको विषय केहि वर्षदेखि चल्दै आएकोछ ।गत असोजमा नै दुवै दलको एकिकरण घोषणाको कार्यक्रम थियो ।तर शक्ति बाँडफाँडमा विवाद भएपछि त्यो हुन सकेन् ।तर त्यती बेला दुवै दलबीच भएको सहमति अनुसार पार्टीको शीर्ष नेता महन्थ ठाकुर, दोस्रोमा डा.बाबुराम भट्टराई र कार्यकारी अधिकार सहित अध्यक्ष उपेन्द्र यादव रहने सहमति भएको थियो ।त्यो सहमतिलाई जिवन्त राख्दै गत वैशाख १० गते राती दुवै दल एकिकरणगर्दै पार्टीको जनता समाजवादी पार्टी, समाजवादीको झण्डा र राजपाको चुनाव चिन्ह राखेर प्रतिबद्धता पत्र सार्वजनिक गरे ।दुवै दलको उदेश्य र लक्ष्य एउटै छ ।कार्यक्षेत्रपनि एउटै छ ।तर एकिकरणमा विवाद भइरहेकोछ ।एकिकरणमा विवाद हुनुको प्रमुख कारण महन्थ ठाकुरको महत्वकांक्षा र राजेन्द्र महतोको स्वार्थलाई मानिन्छ ।हाल दुवै दलले राष्ट्रिय संगठन भएको दावी गरेपनि यथार्थमा प्रदेश २ नै धरातल हो ।तर दुवै दल मिलेर अगाडी बढे भविष्यमा नेपाल कम्युनिष्ट पार्टी(नेकपा) र नेपाली काँग्रेसको बिकल्प हुन सक्छ ।देशको तराई मधेशमा जनता समाजवादी पार्टीले आउँदो चुनावमा भारी सफलता पाउनेछ ।तराईमा नेकपा र नेकाँको स्थिति अहिलेपनि धेरै बलियो छैन् ।देशको बैकल्पिक शक्तिको रुपमा स्थापित हुने अवस्थामा रहेको जनता समाजवादी पार्टीका नेताहरूले अनावश्यक किचलो गरिरहेका छन् ।राजपा अध्यक्ष मण्डलका सदस्यहरुको सम्मानजनक व्यवस्थापन हुनुपर्छ ।तर संगठन बनाउन नसक्ने नेताहरूले कुशल संगठनकर्ता उपेन्द्र यादवलाई कार्यकारी अधिकार दिएर संगठनलाई व्यवस्थित र सशक्त बनाउनुपर्छ ।प्रचण्ड बहुमतको नेकपाको सरकार अहिले पूर्ण रुपमा असफल भएकोछ ।कोरोना भाइरसबाट उत्पन्न विषम परिस्थितिको कुशल व्यवस्थापन गर्न सरकार सकेको छैन् ।हरेक क्षेत्रमा भ्रष्टाचार मौलाएकोछ ।भ्रष्टाचारीहरुलाई जोगाउने काम प्रधानमन्त्री केपी शर्मा ओली स्वयंले गरिरहेका छन् ।यस्तो अवस्थामा जनता समाजवादी पार्टी दर्ता गराएर जनतामा जाने तयारी गर्नुपर्छ ।एकिकरणको बिकल्प नभएकाले यसमा जालझेल गर्न हुँदैन् ।

# प्रदेश नं. २ सरकारलाई आर्थिक वर्ष २०७७/७८ को बजेटका लागि सुझाव



अनिल कुमार झा
एम. फिल (के. यु )
सहायक निर्देशक, नेपाल राष्ट्र बैंक

नेपालको कुल जनसङ्ख्याको २०.४१ प्रतिशत मानिसको बसोबास रहेको प्रदेश नं.२ को योगदान राष्ट्रिय गार्हस्थ्य उत्पादनमा करिब १४ प्रतिशत रहेको छ । कर्णली प्रदेश पछि गरिबीदर निकै उच्च रहेको यो प्रदेशमा प्रदेश वैदेशिक रोजगारीमा निर्भर परिवारको संख्या निकै उच्च रहेको छ । प्रदेशको अन्य आर्थिक तथा समाजिक परिसुचक समेत अन्य प्रदेशको तुलनामा कमजोर देखिन्छ । डिसेम्वर २०१९मा चीनको हुवेइ प्रान्तको वुहानबाट शुरु भई विश्वभर माहामारीको रुपमा फैलिएको कोभिड–२०१९ का कारण विश्वको अर्थतन्त्रमा असर पार्ने तथा आर्थिक वृद्धि खुम्चिने देखिन्छ । प्रदेश २ मा समेत लकडाउनमा अति आवश्यक बाहेकका गतिविधिहरु बन्द रहेकोले प्रदेशको आर्थिक वृद्धि खुम्चिने देखिन्छ । कोभिड–२०१९ को प्रभाव थप बढने सम्भावना रहेको छ। यस बाट प्रदेशको आर्थिक गतिविधि संकुचित हुने भएकोले प्रदेशको राजश्व संकलनमा दवाव पर्ने देखिन्छ । यि तथ्यहरुलाई विचार गरि प्रदेश सरकारलाई आगामी बजेटका लागि निम्न सुझावहरु छन :

### १. कृषि तथा पशुपालन

यस प्रदेशमा कुल भूमीको करिब ६१ प्रतिशत भुमिमा कृषि कार्य हुनेगरेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा करिब ४० प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ । आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार यस क्षेत्रको योगदान प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ३७।६९ प्रतिशत रहने अनुमान छ। कुल गहुँ उत्पादनको १/३, कुल उखू उत्पादनको २/३ , कुल मौसमी तरकारी उत्पादनको १/३ , कुल आँप उत्पादनको ७० प्रतिशत, कुल माछा उत्पादनको ५७ प्रतिशत यस प्रदेशले उत्पादन गर्छ । यि तथ्यहरुका आधारमा आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन :

- प्रत्येक स्थानीय तहमा कृषि बजार, गोदाम, कोल्ड स्टोर, स्थापना र मल तथा बिउ बिजनका लागि सार्वजनिक कृषि पसल स्थापना गर्ने कार्यक्रम राख्न सुझाव छ।
- कृषि उत्पादनहरुको न्युनतम समर्थन मूल्य तोक्ने तथा व्यवहारिक रुपमा लागु भएको नभएको अनुगमन गर्ने व्यवस्था गर्न सुझाव छ।
- हरेक स्थानीय तहमा कम्तीमा एक ठुला स्तरको नमुना कृषि फर्म स्थापना गर्ने कार्यक्रम राख्न सुझाव छ।
- स्थानीय स्तरमा कृषि विद्युतिकरण गर्न सुझाव छ।
- हरेक स्थानिय तहमा कम्तीमा एकजना कृषि विज्ञ र पशु विज्ञको व्यवस्था गर्न सुझाव छ।
- वास्तविक किसानको पहिचान गर्न किसानको लागि अनुदान तथा अन्य सहयोगलाई व्यवस्थित र पारदर्शी बनाउन किसान कार्डको व्यवस्था गर्न सुझाव छ।
- उखु किसान र चिनि मिलको समस्या बर्सेनी वल्झिन्ने गरेको छ । सरकारले दिने अनुदानमा पारदर्शिता कायम गर्दै यस क्षेत्रको समस्या समाधान गर्न एक उच्चस्तरीय उखु वोर्ड गठन गर्न सुझाव छ।

### २. उद्योग क्षेत्र

यस प्रदेशमा १३५ ठुला, २२५ मझौला र १८१ साना, र अन्य घरेलु उद्योगहरु रहेका छन । आर्थिक सर्वेक्षण २०७६/७७ अनुसार यस क्षेत्रको योगदान प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा १४.६१ प्रतिशत रहने अनुमान छ। कोभिड–१९ को प्रभावलाई समेत ध्यानमा राखेर आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन् :

- प्रदेश नं २ का उद्योगहरु पूर्ण क्षमतामा सञ्चालन हुन नसकेकोले प्रभावका आधारमा वर्गिकरण गरी सहजिकरण गर्ने तथा कर छुट वा विद्युतको डेडिकेटेड चार्जमा छुट मार्फत प्रोत्साहन दिन सुझाव छ।
- यस प्रदेशमा धान उत्पादन भएतापनि स्तरीय मिल नभएको कारण अन्यत्र विक्री गर्नुपर्ने बाध्यता छ । त्यसैले कृषि प्रशोधन सम्वन्धी उद्योग स्थापना गर्न प्रोत्साहन दिन सुझाव छ।
- प्रदेश नं २ को अस्थाई राजधानी जनकपुरधाममा, जनकपुर – जटही ६ लेन सडक, जनकपुर भिट्ठाभोड ४ लेन सडक, जयनगर –जनकपुर– बर्दिवास रेल मार्ग, जनकपुर– ढल्केवर ६ लेन सडक जस्ता सडक सञ्जालले जोडिएकोले भारतबाट कच्चा पदार्थ आयात गर्न तथा उत्पादित वस्तु देशभर पठाउनको साथै भारत लगायत तेस्रो मुलुकमा निकासी गर्न सहज हुने देखिन्छ। जलेश्वर भन्सार कार्यालयको भौतिक पूर्वाधार तथा अन्य सुविधा भारत लगायत तेस्रो मुलुक सामान आयात निर्यात गर्नसक्ने किसिमको रहेको छ । तसर्थ, सडक सञ्जाल, रेल मार्ग, भन्सार तथा अन्य पूर्वाधारहरुको पूर्ण सदुपयोग गर्न धनुषा महोत्तरी क्षेत्रमा एउटा औद्योगिक क्षेत्र स्थापना गर्न सुझाव छ।
- प्रदेश नं. २ को सप्तरी जिल्लामा रहेको गजेन्द्र नारायण सिंह औद्योगिक क्षेत्रमा हाल डेरी र केही खाद्य उद्योहरु सञ्चालनमा रहेता पनि क्षमता अनुसार सदुपयोग हुन सकेको छैन । उक्त औद्योगिक क्षेत्रको व्यवस्थापनमा सुधार ल्याई थप उद्योगहरु सञ्चालन हुने वातावरण तयार गर्न सुझाव छ।
- प्रदेशमा माछाको उत्पादन राम्रो हुने भएकोले माछा प्रशोधन सम्बन्धी उद्योग स्थापना गर्न सुझाव छ।

### ३. होटल, पर्यटन तथा अन्य सेवा

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा करिब ४७ प्रतिशत योगदान सेवा क्षेत्रको रहेको छ। यस प्रदेशमा विभिन्न मठ मन्दिर, ताल तलैया रहेका छन् । यि धार्मिक स्थलहरुमा विशेष गरी भारतीय पर्यटकहरुको आवागमन हुने गर्दछ। प्रदेशमा करिव ३५० पर्यटक स्तरीय होटलको ७ हजार एकसय शैया उपलब्ध छ। करिव ४ लाख भारतीय र २ लाख विदेशी पर्यटकले भ्रमण गर्ने यस प्रदेशमा कोरोना माहामारीको कारण सबैभन्दा धेरै प्रभावित होटल तथा पर्यटन क्षेत्र नै हुने देखिन्छ । तसर्थ, आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन् :

- होटल तथा पर्यटन क्षेत्र कोरोना माहामारीमा सबभन्दा धेरै प्रभावित भएकोले विशेष आर्थिक प्याकेज मार्फत सम्बोधन गर्न सुझाव छ।
- महामारीको अन्त्य पश्चात तत्काल वाह्य पर्यटक आगमन हुन समय लाग्ने भएकोले आन्तरिक पर्यटनलाई बढाउने कार्यक्रमहरु, जस्तैः कर्मचारीहरु लाई अनिवार्य भ्रमण कार्यक्रम जस्ता कार्यक्रम ल्याई आन्तरिक पर्यटन बढाउन सुझाव छ।
- यस प्रदेश भित्र रहेका धार्मिक तथा पर्यटक स्थलको विकास तथा संरक्षण गर्न जिल्लागत रुपमा पर्यन कार्यालय वा विभागको स्थापना गर्न सुझाव छ।

### ४. बैंक तथा बीमा

यस प्रदेशमा बैंक तथा वित्तीय संस्था र बीमाको उपस्थिति राम्रो भएता पनि वित्तीय साक्षरतामा निकै पछाडी रहेको छ । प्रदेशमा मो मिटर ब्याजमा ऋण लिने ऋणीको सङ्ख्या धेरै रहेको देखिएको छ। कृषि तथा पशुपंछि बीमा कार्यक्रमको प्रयोग र प्रभाव निकै कम रहेको देखिएको छ । आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन :

- कृषि तथा पशुपंछि बीमाको दायरा बढाउने, कृषि उत्पादन चक्र अनुशारका बीमा पोलिसि ल्याउने तथा त्यस्ता कार्यक्रमको व्यापक प्रचार प्रशार गर्ने कार्यक्रमहरु ल्याउन सुझाव छ।

### ५. विकास निर्माण

यस प्रदेशमा विभिन्न राष्ट्रिय गौरबका आयोजनाहरु सञ्चालनमा रहेतापनि ति आयोजनाहरुको कार्य प्रगति संतोषजनक रहेको छैन । यि बाहेक प्रदेश नं २ का ठुला शहरहरु व्यवस्थित गर्नुपर्ने देखिएको छ। आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन :

- यस प्रदेशको मुख्य सहरहरु राजविराज, सिरहा बजार, मलंगवा तथा गौरको अवस्था निकै खराव रहेकोले सहर व्यवस्थित बनाउने विशेष कार्यक्रम राख्न सुझाव छ।
- जलेश्वर– जनकपुर सडकको अवस्था निकै खराब रहेकोले आयात निर्यातमा तथा आवागमनमा समस्या रहेको छ । उक्त सडक निर्माण कार्य निकै सुस्त गतिमा भएकोले तिव्रता दिन सुझाव छ।
- प्रदेश नं २ को अस्थाई राजधानी जनकपुरधाममा, जनकपुर – जटही ६ लेन सडक, जनकपुर भिट्ठाभोड ४ लेन सडक, जयनगर –जनकपुर– बर्दिवास रेल मार्ग, जनकपुर– ढल्केवर ६ लेन सडक जस्ता सडक सञ्जालले जोडिएकोले भारतबाट कच्चा पदार्थ आयात गर्न तथा उत्पादित वस्तु देशभर पठाउनको साथै भारत लगायत तेस्रो मुलुकमा निकासी गर्न सहज हुने देखिन्छ। जलेश्वर भन्सार कार्यालयको भौतिक पूर्वाधार तथा अन्य सुविधा भारत लगायत तेस्रो मुलुक सामान आयात निर्यात गर्नसक्ने किसिमको रहेको छ । तसर्थ, सडक सञ्जाल, रेल मार्ग, भन्सार तथा अन्य पूर्वाधारहरुको पूर्ण सदुपयोग गर्न धनुषा महोत्तरी क्षेत्रमा एउटा औद्योगिक क्षेत्र स्थापना गर्न सुझाव छ।

### ६. शिक्षा तथा स्वास्थ्य

यस प्रदेशको साक्षरता दर निकै कम रहेको छ। ५ बर्ष भन्दामाथिको साक्षरता दर ४९.५४ प्रतिशत मात्र छ। काम गर्ने उमेरका करिब ५० प्रतिशत जनसङ्ख्या अशिक्षित छ। प्रदेशमा विद्यालय छाड्ने दर नेपालको विद्यालय छाड्न दरभन्दा धेरै छ। प्रदेशको विद्यार्थी शिक्षक अनुपात कुल देशको विद्यार्थी शिक्षक अनुपात भन्दा करिब दोब्बर रहेको छ। यस प्रदेशमा शिक्षाको स्तर र गुणस्तर दुवै बढाउनु पर्ने देखिन्छ।

यस प्रदेशमा नवजात शिशु मृत्युदर उच्च रहेको, प्रजनन दर उच्च रहेको छ । अस्पतालको सङ्ख्या कम रहेको छ। आधुनिक स्वास्थ्य सेवाको अभावमा सामान्य उपभारको लागि पनि मानिसहरु भारत वा काठमाण्डौ धाउनुपर्ने अवस्था रहेको छ । प्रदेशमा रहेका २ वटा मेडिकल कलेजमा समेत आन्तरिक व्यवस्थापनमा समस्या रहेको छ।

- सार्वजनिक विद्यालयको गुणस्तर बढाउन अध्ययन टोलि गठन गर्ने तथा प्राप्त व्यवहारिक सुझाव लागु गर्न सुझाव छ।
- हरेक स्थानिय तहमा रहेका कम्तीमा एक सार्वजनिक विद्यालयको व्यवस्थापन प्रदेश सरकारले गर्ने गरि मुख्यमन्त्रि नमुना विद्यालय सुधार कार्यक्रम ल्याउन सुझाव छ।
- प्रदेशको विद्यार्थी शिक्षक अनुपात निकै धेरै भएकोले प्रर्याप्त शिक्षकको व्यवस्था गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउन सुझाव छ।
- गरिब तथा जोखिमको अवस्थामा रहेका परिवार तथा समुदायलाई अनिवार्य रुपले स्वास्थ बीमा मार्फत समेट्ने कार्यक्रम ल्याउन सुझाव छ।
- संकटको समयमा नीजि स्वास्थ प्रतिष्ठानहरुको भूमीका लाई मूल्यांकन गर्दै प्रदेशमा कम्तिमा एक सरकारी मेडिकल स्थापना गर्न कार्यक्रम ल्याउन सुझाव छ।
- जिल्ला अस्पतालहरुको भौतिक संरचनाहरुको आधुनिकिकरण गर्न, प्रदेशमा कम्तिमा एक सुविधा सम्पन्न अस्पताल निर्माण गर्न तथा विशेषज्ञ सहितको दरवन्दी अनुसार स्वास्थ्यकर्मी व्यवस्था गर्न सुझाव छ।

### ६. अन्य क्षेत्र

#### ६.१ विप्रेषण आप्रवाह

नेपालमा बिप्रेषण आप्रवाहको योगदान कुल गार्हस्थ्य उत्पादनको करिव एक चौथाई रहेको र प्रदेश २ बाट वैदेशिक रोजगारीमा जानेको संख्या निकै उच्च रहेकोले यस क्षेत्रलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ । धनुषा जिल्लाबाट वैदेशिक रोजगारीमा कामदारको सङ्ख्या मुलुकमै सबभन्दा धेरै रहेको छ। प्रदेश नं. २ बाट वैदेशिक रोजगारीमा जाने कामदारको सङ्ख्या धेरै भएपनि प्राय अदक्ष कामदार जाने भएकोले उनीहरुको आम्दानी कम हुने गरेको छ। यस क्षेत्रका लागि आ.व.२०७७/७८ को बजेटमा यस क्षेत्रका लागि निम्न सुझावहरु छन :

- प्रदेशमा प्रर्याप्त प्राविधिक तालिम प्रदायक विद्यालयको ९त्चबमभ क्अजयया० स्थापना गरी कामदारलाई अर्धदक्ष वा दक्ष बनाई बैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउन सुझाव छ।
- बैदेशिक रोजगारीमा जाने कामदारले विभिन्न झन्झट तथा समस्या भोग्नुपर्ने भएकोले श्रम स्वीकृति दिने कार्यालयको संख्या वृद्धि गर्न सुझाव छ।
- कोरोना महामारीको कारण विप्रेषण आप्रवाहमा कमी आउने कारण वैदेशिक रोजगारीमा गएका परिवारको सुरक्षाको लागि पनि सुरक्षण कोषबाट सहयोग उपलब्ध गराउने व्यवस्था गर्न सुझाव छ।

# कोरोनाको महामारीसँगै महँगी भ्रष्टाचारीको फुल फुल्दैछ



अमरनाथ मण्डल

अहिले सम्पूर्ण विश्व नै कोरोना भाइरस कोभिड-१९ को महामारीबाट त्रसित अवस्थामा नेपाल पनि कोरोना महामारीको जोखिम दिनप्रति दिन बढिरहेको अवस्थाले अहिलेको परिस्थिति र सन्दर्भमा देशको प्रत्येक नागरिकमा त्रास र भयको मनोदासाबाट गुज्रन बाध्य बनेका छन्। नेपाल जस्तो गरिब मुलुकमा महामारीको चपेट २-३ दिन यता देखि प्रत्येक दिन संख्याको तुलनामा बढिरहेकोले गर्दा मानव जिवनमा निराशको वातावरण सिर्जनाको मनोस्थिति उत्पन्न भएका छन् ।


नेपालमा भारतबाट नेपालीहरु स्वदेश फर्कने क्रममा नाकाहरुबाट नेपाल भित्रिरहेको अवस्थामा क्वारेन्टाइनमा बस्दै आएका अधिकांश भारतबाट आएका नेपालीहरुमा परिक्षणको गतिलाई बढाउँदा खेरी भाइरसको संक्रमणको प्रकोपको संख्यामा तुलनात्मक वृद्धि भईरहेको अवस्थाले जिल्ला जिल्लाहरुमा क्वारेन्टाइनको व्यवस्थापनमा अति नै लापरवाही तथा कमजोरपनको अवस्था देख्दा खेरी वर्तमान अवस्थामा क्वारेन्टाइनहरुमा नै क्वारेन्टाइनमा बस्ने गरेको सर्वसाधारणहरुको जोखिम बन्दै गईरहेका छन्। क्वारेन्टाइनमा बसेका नागरिकहरुको सुरक्षित बसोबास तथा संक्रमण भएका व्यक्तिहरुसँगको प्रत्यक्ष रुपमा सम्पर्क रहिरहँदाले गर्दा अन्य क्वारेन्टाइनमा बसेका सर्वसाधारणहरुलाई जोखिमको मनोदसाबाट गुज्रन बाध्य भएका छन्।

सरकारपक्षबाट तथा स्थानीय र प्रदेश सरकारको तर्फबाट जिल्ला स्वास्थ्य कार्यालयलाई पूर्ण रुपमा प्राविधिक तथा पिसिआर र आरडिटी किटहरुको प्रयाप्त मात्रामा उपलब्ध नभएको कारणले गर्दा स्वास्थ्यकर्मी देखि लिएर सुरक्षा निकाय तथा अन्य सर्वसाधारणहरु चेकजाँचबाट बञ्चित भईरहेका सन्दर्भ लिएर अहिलेको परिस्थितिमा स्थानीय निकायले व्यवस्थापन गरेका क्वारेन्टाइनहरुमा समय अवधिको प्रयाप्त मात्रा पुगेता पनि सर्वसाधारणहरुले क्वारेन्टाइनमा बस्नु परे बाध्यताबाट गुज्रिरहेका छन्। कतिपय क्वारेन्टाइनहरुमा बसेका सर्वसाधारणहरु स्थानीय जनप्रतिनिधिहरुलाई हामीहरुलाई चेकजाँच नभए हामीहरु घर तिर लाग्ने बताइ रहको अवस्थामा कोरोना भाइरसको चेकजाँच पिसिआर र आरडिटीमा तिब्रता नआएको देखिएकोले गर्दा भोलीका दिनमा अझै विकराल हुने स्थितिको सिर्जना हुन्छ। जसको कारण अहिले पनि भारतबाट लुकिछिपी आईरहेका सर्वसाधारण यदि समुदायमा छिरेपछि झन् जोखिम डर सताईरहेको अवस्थामा क्वारेन्टाइनहरुलाई व्यवस्थित बनाउने तथा क्वारेन्टाइनमा बस्दै आएका सर्वसाधारणहरुलाई चेकजाँचको व्यवस्था मिलाउन प्राविधिक तथा किटहरुको प्रयाप्त मात्रामा सरकार पक्षबाट द्रुत गतिमा व्यवस्थाको सिर्जना गर्नुपर्छ।

यतातिर देश लकडाउनको अवस्थामा गुज्रिरहेको सन्दर्भमा रोजगार गरी खाने मानिसहरुको दिन चर्या बिताउन धौ धौ परिरहेको अवस्थामा सरकार पक्षबाट कुनै प्रकारको राहत जस्ता प्याकेजहरुको ठोस उपलब्धी नदेखिएकोले सर्वसाधारणहरु आक्रोसितको अवस्थामा पुगेका छन्।

उतातिर व्यापारीहरुको ऋणको ब्याज बुझाउन सरकारी निकायहरुबाट दवाव आईरहेको अवस्थामा व्यापारीहरु आक्रोसित भई पसलहरु खोल्न लागि रहेको देखिरहेको छ। यस्तो अवस्थामा कोरोनाको संक्रमण झन बढ्ने खतरा बढिरहेको सन्दर्भ लिएर राज्यको हरेक निकायहरु मुखदर्शक बनी निरिहको वातावरणमा आफूलाई सिर्जना गरिरहेका छन्।

कोरोना भाइरसबाट सम्पूर्ण विश्व नै आक्रान्तको मनोदसाबाट गुज्रिरहेको अवस्थामा अहिलेको सन्दर्भमा प्रदेश र केन्द्रिय सरकारहरुबाट केही विकासीय गतिविधिहरु संचालन गरिरहेको अवस्थामा आफ्नो नजिकका नातेदार भाइभरदारहरुलाई उपभोक्ता समिति देखि लिएर कोटेशनको कार्यहरु गोप्य रुपमा वितरण गरी भ्रष्टाचारको मनसाय सिर्जना गरिरहेका छन्। स्थानीय निकायहरुमा भाइरसको जोखिमबाट बचाउने विधिहरुलाई समुदायमा व्यापकता नदिएको तर लुकीछिपी कोटेशन र उपभोक्ता समिति बनाई लाखौंको भ्रष्टाचार गर्ने मनसाय देखिएको छ। जसको कारणले गर्दा अहिले प्रदेश देखि केन्द्रिय सरकारका मन्त्रीहरु समक्ष उहाँहरुका कार्यकर्ताहरु धाउन थालेका स्थानीय निकाय विकासीय बजेटहरुलाई लुकीछिपी धमाधम उपभोक्ता समिति बनाई आफ्नो नजिकको मान्छेहरुलाई कमाउको धन्दा बनाउन स्थानीय प्रतिनिधिहरुले सक्रियता देखाईरहेका सन्दर्भ देखिन्छ।



**भर्खरै राजविराज नगरपालिका वडा नं. ९ मा सहिद स्मारकमा निर्माणको लागि २० लाख रुपैयाँ प्रदेश सरकारबाट छुट्याएको बजेटमा तथा त्यही वडामा वृद्ध आश्रम निर्माणमा छुयाएका २० बजेट स्थानीय निकायबाट कुनै प्रकारको सुचना नगरी आफ्नो नजिकको मानिसलाई उपभोक्ता समिति बनाई कार्यहरु संचालन गरिरहेको मनसायले के देखाउँछ ? भने यस्तो विषम परिस्थितिमा पनि नगरपालिका र वडा समितिहरुले भ्रष्टाचार गर्न तमतयार रहेको अवस्थाको सिर्जना भईरहेको छ ।**

भर्खरै राजविराज नगरपालिका वडा नं. ९ मा सहिद स्मारकमा निर्माणको लागि २० लाख रुपैयाँ प्रदेश सरकारबाट छुट्याएको बजेटमा तथा त्यही वडामा वृद्ध आश्रम निर्माणमा छुयाएका २० बजेट स्थानीय निकायबाट कुनै प्रकारको सुचना नगरी आफ्नो नजिकको मानिसलाई उपभोक्ता समिति बनाई कार्यहरु संचालन गरिरहेको मनसायले के देखाउँछ ? भने यस्तो विषम परिस्थितिमा पनि नगरपालिका र वडा समितिहरुले भ्रष्टाचार गर्न तमतयार रहेको अवस्थाको सिर्जना भईरहेको छ।

अहिले विषम परिस्थितिको उपजहरुबाट बजारहरुमा बस्तु भाउको मुल्यहरुको कुनै निर्धारण अवस्था देखिएको छैन। केही खुद्रा व्यापारीहरुले तथा केही विचौलियाहरुले ग्राहकहरुसँग वस्तुभाउको मुल्य दोब्बर लिने गरेको सर्वसाधारणले पिडाको अनुभुति गरिरहेका यतातिर देश लकडाउनको अवस्थामा छ भने उतातिर सम्पूर्ण अर्थ व्यवस्थाहरु धरापको स्थितिबाट गुज्रिरहेका छ भने सर्वसाधारण तथा निमुखाहरुले रोजगारी गर्न नपाई रोजगारको अवस्थाबाट विमुख भई घर चलाउन र एक छाक टार्न समेत धौ धौ परिरहेको अवस्थामा बजारहरुमा वस्तु भाउको मुल्य लुकीछिपी बढि लिने गरेको सन्दर्भमा स्थानीय प्रशासनहरुको तदरुपतामा ठूलो खाँचो देखिएको बुद्धिजिवीहरुको तर्क रहेको अवस्थामा गरिब निमुखा किसान तथा सर्वसाधारणहरुले पिडाका अनुभुतिबाट गुज्रन बाध्य भईरहेको छ।

कोरोना भाइरसको जोखिम दिन प्रति दिन बढिरहेको सन्दर्भमा यदि नाकाबाट आउने मानिसहरुलाई व्यवस्थित ढंगले क्वारेन्टाइनमा व्यवस्थापन नगरियो भने तथा क्वारेन्टाइनमा रहेका सर्वसाधारणहरुलाई चेक जाँच लगायत अन्य व्यवस्थापन पक्षतिर सम्बन्धित निकायहरु ध्यान नपुऱ्याए भने देशमा ठूलो जोखिमको स्थिति अब आउने दिनमा देखा पर्नेछ भने यस्तो विषम परिस्थितिमा स्थानीय निकाय तथा प्रदेश सरकारहरुबाट लुकीछिपी केही विकासीय बजेटहरु आफ्नो भाइ भारदारहरुलाई दिएपछि सो बजेटहरु पूर्णरुपमा दुरुपयोग हुने विश्लेषकहरुको ठहर रहेको अवस्थामा भाइरस नियन्त्रणको साथ साथै भ्रष्टाचार नियन्त्रण गर्न समेत पहल हुनुपर्ने अहिलेको अवस्था देखिन्छन् भने बजार अनुगमन व्यवस्थापन गरी चर्को मुल्यहरुलाई नियन्त्रण गरी चर्को मुल्य लिने व्यापारीहरुलाई कानुनी कठघारामा उभ्याउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ नत्र यी यावत समस्याहरुले देशको विषम परिस्थितिबाट गुज्रन बाध्य हुनेछ।

# विदेशबाट घर आउन चाहने सबैलाई फिर्ता ल्याऊ : काँग्रेस

काठमाण्डु । नेपाली काँग्रेसले स्वदेश आउन चाहने हरेक नेपालीलाई फिर्ता ल्याउने कार्ययोजना बनाउन सरकारसँग आग्रह गरेको छ । काँग्रेसको केन्द्रीय जनसम्पर्क समिति समन्वय विभागले शनिबार एक विज्ञप्तिमार्फत विदेशका जुकसुके कुनामा रहेका नेपालीलाई आफ्नो देश फर्कन पाउने अधिकार रहेको उल्लेख गर्दै सङ्ख्या नतोकी स्वदेश आउन चाहने हरेक नेपालीलाई फिर्ता ल्याउने कार्ययोजना बनाउन आग्रह हो ।

सरकारले हालै विभिन्न देशमा रहेका करिब २५ हजार नेपालीलाई तत्काल स्वदेश फिर्ता गर्ने तथ्याङ्क सार्वजनिक गरेको थियो ।

काँग्रेसले विदेशबाट ल्याइएका नेपाली नागरिक सबैको कोरोना भाइरस पिसीआर विधिबाट परिक्षण गरी विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डअनुसारको क्वारेन्टिन वा अन्य प्रबन्ध मिलाउनसमेत आग्रह गरेकोछ। काँग्रेसलेकोरोनाभाइरसको महामारी शुरु हुँदाके समयदेखि विदेशमा रहेका घर फर्कन चाहने नेपाली नागरिकलाई सरकारले फिर्ता ल्याउनुपर्छ भन्ने धारणा राख्दै आएको जनाएको छ ।

काँग्रेस केन्द्रीय सदस्य एवं विभागका प्रमुख गोविन्द भट्टराईले विज्ञप्तिमार्फत स्वदेश ल्याउनु मात्रै उपलब्धि नभई अब तत्कालीन र दीर्घकालीन योजना बनाएर काम गर्ने समय आएको बताउनुभएको छ । विदेशबाट फिर्ता भएका नेपालीलाई रोजगारीमूलक काम दिने गरी तत्काल विषेश कार्यक्रम घोषणा गरेर कार्यान्वियन गर्नुपर्ने काँग्रेसको धारणा छ ।

***काँग्रेसको केन्द्रीय जनसम्पर्क समिति समन्वय विभागले शनिबार एक विज्ञप्तिमार्फत विदेशका जुकसुकै कुनामा रहेका नेपालीलाई आफ्नो देश फर्कन पाउने अधिकार रहेको उल्लेख गर्दै सङ्ख्या नतोकी स्वदेश आउन चाहने हरेक नेपालीलाई फिर्ता ल्याउने कार्ययोजना बनाउन आग्रह हो ।सरकारले हालै विभिन्न देशमा रहेका करिब २५ हजार नेपालीलाई तत्काल स्वदेश फिर्ता गर्ने तथ्याङ्क सार्वजनिक गरेको थियो ।***

काँग्रेसले कोरोना भाइरसको महामारी कहिले अन्त्य हुन्छ भन्ने अन्योलताले हुनसक्ने आर्थिक मन्दीसमेतलाई ध्यानमा राखी विदेशमा रहेका नेपाली भोलिका दिनमा ठूलो सङ्ख्यामा घर फर्कनुपर्ने अवस्था आउन सक्नेतर्फ सरकारको ध्यानाकर्षण गराएको छ ।

आर्थिक वर्ष २०७६/७७ को सरकारको नीति तथा कार्यक्रममा विदेशमा रहेका पाँच लाख नेपालीलाई स्वदेश फिर्ता गरेर रोजगारीमूलक काममा लगाउने उल्लेख गरिएको जनाउँदे उहाँले त्यसलाई अहिले कार्यान्वयन गर्ने समय आएको बताउनुभएको छ ।

विदेशमा रहेर कोरोनाका कारण रोजगारी गुमाएका र नेपाल आउने खर्च जुटाउन नसक्ने नागरिकलाई सरकार आफैँले खर्च गरेर वा सम्बन्धित मुलुकका सरकारसँग कूटनीतिक पहल गरी उनीहरू कार्यरत कम्पनी वा सरकारको लगानीमा नेपाल ल्याउने प्रबन्ध गर्न काँग्रेसले सरकारसँग आग्रह गरेको छ ।

विभागका प्रमुख भट्टराईले सरकारले विदेशमा अध्ययनरत नेपाली विद्यार्थीलाई शुल्क तिर्नका लागि नेपालबाट पैसा पठाउने सहज प्रबन्ध मिलाउनसमेत आग्रह गर्नुभएको छ ।रासस

# वाग्मती प्रदेशमा कोरोनाबाट अतीनजनाको मृत्यु

हेटौँडा । कोरोना भइरसका कारण वाग्मती प्रदेशमा हालसम्म तीनजनाले ज्यान गुमाएका छन् । प्रदेशको सामाजिक विकास मन्त्रालयका अनुसार प्रदेशमा हालसम्म ८३ जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएकामा ३१ जनाले कोरोनालाई परास्त गरी घर फर्किएका छन् भने ४९ जना उपचाररत रहेको मन्त्रालयले जनाएको छ । कोरोना सङ्क्रमणका कारण सिन्धुपाल्चोक, दोलखा र ललितपुरका एक-एकजनाको ज्यान गएको वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयका कोरोना विभाग हेर्ने डा पुरुषोत्तम सेढाईंले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रदेशका १३ जिल्लामध्ये सङ्घीय राजधानीसमेत रहेको काठमाडौँमा सबैभन्दा धेरै २३ जनामा सङ्क्रमण पुष्टि भएको छ भने रामेछापमा १९, चितवन, काभ्रे र मकवानपुरमा ६-६, भक्तपुरमा पाँच, धादिङ र सिन्धुलीमा चार-चार, ललितपुर र नुवाकोटमा तीन-तीन, सिन्धुपाल्चोक र दोलखामा दुई-दुईजनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ।

मन्त्रालयका अनुसार वाग्मती प्रदेशका विभिन्न स्थानमा आठ हजार ११६ वटा क्वारेन्टिन शय्या रहेका छन् भने तीन हजार १०० जना क्वारेन्टिनमा रहेका छन् ।

# जनताप्रतिको जिम्मेवारी पूरा गर्न राष्ट्रिय अठोट आवश्यक

काठमाण्डु । प्रतिनिधिसभाको शनिबारको बैठकमा प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले जनताप्रतिको जिम्मेवारी पूरा गर्न सबै दल एक ठाउँमा उभिएर राष्ट्रिय अठोट गर्नुपर्ने आवश्यकता रहेको औँल्याएको छ । विनियोजन विधेयकमाथिको छलफलमा भाग लिँदै काँग्रेसका डा मीनेन्द्रप्रसाद रिजालले जनताप्रतिको जिम्मेवारी पूरा गर्न सबै राजनीतिक दल एक ठाउँमा बस्नाको विकल्प नरहेको बताउनुभयो ।



कोभिड-१९ बाट प्रभावित मुलुकमा त्यसको असर कम गर्न सरकारले ध्यान दिन नसकेको आरोप लगाउँदै रिजालले भन्नुभयो, "म अझै भन्छु, सँगै बसौँ । काम गरौँ । जनताप्रतिको जिम्मेवारी पूरा गरौँ, अहिलेको अवस्थामा सबै एक ठाउँमा उभिएर एउटा राष्ट्रिय अठोट गर्नुपर्ने आवश्यकता छ ।"

सदनमा विनियोजन विधेकमाथि खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै डा रिजालले सरकारमा पूँजीगत खर्च गर्न सक्ने क्षमता र योजना नभएको जिकिर गर्नुभयो । उहाँले अर्थ मन्त्रालयको चालू खर्च रु २५ अर्बबाट घटाएर गत वर्ष झैँ रु आठ अर्बमा सीमित पारियोस् भनेर प्रस्ताव प्रस्तुत गर्नुभयो । सीमाबाट एक जनामा कोभिड-१९ देखियो भने स्थिति भयावह हुने अवस्था रहेकाले त्यसको कल्पना गर्ने अवस्था नरहेको तर्फ उहाँले ध्यानाकर्षण गराउनुभयो । उहाँले अर्थतन्त्र गम्भीर अप्ठ्यारोमा पर्छ भने हामीले साना साना कुरामा छलफल नगरी सङ्कल्प प्रस्ताव पारित गरेर पछि पूरक बजेट ल्याउन आग्रह गर्दा सरकारले नमानेको जनाउँदे बजेटले जनतालाई राहत दिन नसक्ने जिकिर गर्नुभयो ।

उहाँले अर्थतन्त्र सङ्कुचित हुँदै गएको अवस्थामा विप्रेषणमा २० प्रतिशत कम आउने देखिएको र खर्चयोग्य आम्दानी पाँच प्रतिशतले घट्ने चिन्ता रहेको बताउँदै उहाँले असार मसान्तसम्मको राजस्वसमेत अनुमान गर्न नसकेका बेला सरकारले अर्को वर्षको बजेट प्रस्तुत गर्नु निरर्थक छ भन्नुभयो ।

यही जेठ २२ गतेसम्म सरकारको आम्दानी जोड्दा रु ६८६ अर्ब र खर्च रु ८३१ अर्ब पुगेको तथा दुई दिन अघिसम्म आम्दानीभन्दा रु १४५ अर्ब खर्च बढी भइसकेको सन्दर्भ जोड्दै डा रिजालले आउने दिन अझै कठिनाइपूर्ण बन्ने जिकिर गर्नुभयो । कोभिड -१९ को सङ्क्रमणसँग लड्न एक डेढ महिनाभित्र रु १०/१२ अर्बभन्दा घटीले नपुग्ने अवस्था रहेको जनाउँदे उहाँले बजेट स्वास्थ्यमा केन्द्रित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्रिय गौरवको आयोजना पूरा गर्न सक्ने क्षमता नरहेको विगतका उदाहरणले स्पष्ट पारिसकेको बताउनुभयो ।

विनियोजन विधेकमाथिको छलफलमा खर्च कटौतीको प्रस्ताव राख्दै राष्ट्रिय जनमोर्चाका दुर्गा पौडेलले देशको समग्र विकासका लागि सन्तुलित र विकेन्द्रितरूपमा बजेट विनियोजन हुन नसकेको भनी चिन्ता प्रकट गर्नुभयो । उहाँले बजेटले व्यवस्थित रोजगारका प्याकेज ल्याउन नसकेको, वन विनाश रोक्ने विषयलाई सम्बोधन गर्न नसकेको तथा ढुङ्गा, गिटी बालुवा निकासी रोक्न तथा चुनाखानीलाई व्यवस्थित गर्न नसकेको भनी सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले कोभिड-१९ ले ध्वस्त पारेको पर्यटन क्षेत्रलाई माथि उकास्न सरकारले उपयुक्त कार्यक्रम ल्याउन नसकेको आरोप पनि लगाउनुभयो। मुलुकलाई आत्मनिर्भर बनाउन उद्योगको कुनै योजना नभएको आरोप लगाउँदै उहाँले उद्योग, व्यापारको विकास र संरक्षणमा ठोस नीति ल्याउन माग गर्नुभयो । रोगको उपचार र क्वारेन्टिनको पर्याप्त व्यवस्था गर्नसमेत उहाँले सरकारसँग माग गर्नुभयो । महामारी बढेमा रोक्नका लागि आवश्यक तयारी गर्न समेत पौडेलले सरकारलाई सुझाव दिनुभयो ।

### एमसिसी खारेजी माग

नेपाल मजदूर किसान पार्टीका प्रेम सुवालले अमेरिकी सहयोग एमसिसी सम्झौता अविलम्ब खारेज गर्न माग गर्नुभयो । कोभिड-१९ को प्रत्यक्ष असर पुगेका मजदूर तथा किसानलाई उचित क्षतिपूर्ति दिन तथा भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गर्न उहाँले माग गर्नुभयो ।

समाजवादी पार्टीका प्रदीप यादवले आव २०७७/७८ को बजेटमा उल्लेख भएअनुसारको खर्च कटौतीको प्रस्ताव प्रस्तुत गर्दै प्रदेश नं २ लाई छुट्याइएको रकम सामान्यीकरण अनुदानमा दुई अर्ब थप गर्न माग गर्नुभयो । यस्तै सोही प्रदेशको समपूरक अनुदानको शीर्षकअन्तर्गत रु एक अर्ब ५० करोड थप्न उहाँले आग्रह गर्नुभयो ।रासस

# सरकारले उद्योग र व्यापारमा सहुलियत दिनुपर्छ-सांसद

काठमाण्डु । प्रतिनिधिसभाको शनिबारको बैठकमा विभिन्न दलका सांसद्ले कोभिड -१९ का कारण देशको अर्थतन्त्र नाजुक भएका अवस्थामा सरकारले उद्योग र व्यापारमा सहुलियत दिनुपर्ने माग गर्नुभएको छ । बैठकमा विनियोजन विधेयक, २०७७ माथिको छलफलमा राष्ट्रिय जनता पार्टीका लक्ष्मणलाल कर्णले बजेट परम्परागत भएको पिप्पणी गर्दै भन्नुभयो,"देशको अर्थतन्त्र नाजुक भएको अवस्थामा कम्तीमा उद्योग र व्यापारका लागि सरकारले सहुलियत दिनुपर्ने थियो तर दिएको छैन । गरीब किसानका लागि बीउ, मल अभाव छ, त्यसमा सरकारको ध्यान जान सकेको छैन, गरीबलाई उत्थान गर्ने सरकारको के योजना छ, त्यो स्पष्ट आउन सकेन ।" बजेट सबै हिसाबले समानुपातिक नभएको बताउँदे उहाँले माछा र कुखुरामा अहिले ठूलो लगानी भए पनि उचित बजारको व्यवस्था नभएको बताउनुभयो ।



राष्ट्रिय जनता पार्टीके रानी मण्डलले कोभिड-१९ नियन्त्रणका लागि पर्याप्त मात्रामा क्वारेन्टिन र आइसोलेशनको व्यवस्था गर्न माग गर्नुभयो । राप्रपाका राजेन्द्रप्रसाद लिङ्देनले प्रधानमन्त्री रोगजार कार्यक्रमबाट लक्षित समुदायले लाभ लिन सकेका छैनन् भन्नुभयो । उहाँले भन्नुभयो,"स्वास्थ्य क्षेत्रमा प्राप्त बजेटको व्यवस्था भए पनि त्यो लक्षित ठाउँमा पुग्न सकेको छैन, जहाँ पुग्नुपर्ने हो त्यहाँ पुग्न सकेको छैन, त्यसैले सरकारले बजेटमा मात्रै व्यवस्था गर्नेभन्दा पनि कार्यान्वयनमा जोड दिनुपर्छ ।"

नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का देवेन्द्र पौडेलले मुलुक कोभिड-१९ बाट आक्रान्त बनेका अवस्थामा अस्पतालमा काम गर्ने चिकित्सकको मनोबल बढाउने खालका कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो । नेपाली कांग्रेसका दिव्यमणि राजभण्डारीले कृषि क्षेत्रलाई प्रोत्साहन गर्ने प्रकृतिका कार्यक्रमलाई बजेटमा समावेश गर्न नसकिएको टिप्पणी गर्नुभयो । उहाँले कोभिड-१९ को परीक्षण पिसिआर प्रविधिबाट गर्न आग्रह गर्नुभयो । सङ्घीय समाजवादी पार्टीका रामसहायप्रसाद यादवले बजेट हेर्दा सरकार कोरोना नियन्त्रणमा गम्भीर नदेखिएको बताउनुभयो । सोही दलका विमलप्रसाद श्रीवास्तवले उखु किसानका समस्या समाधान गर्नेतर्फ बजेटले ध्यान नसकेको बताउनुभयो ।रासस

# दुबहीबाट रित्तै हात फर्किएका भन्छन्, "आफ्नै देशको माटोमा टेक्न पायौँ, धेरै खुशी भएका छौँ"

भक्तपुर । शुक्रबार राति ८ बजे मध्यपुरथिमि नगरपालिका-४ राधेराधेस्थित हेरिटेज बैंक्वेटको गेट अगाडि रोकियो नेपाली सेनाको गाडी । सेनाका पाँचवटा गाडीमध्ये एउटा गाडी यहाँ रोकियो भने अरु चारवटा सूर्यविनायक नगरपालिका-५ कटुञ्जेस्थित इम्पिरियर बैंक्वेटमा रोकियो ।

संयुक्त अरब इमिरेट्स (युएइ) बाट एयर अरेबियाको जी९:१७५१ नम्बरको उडानमार्फत त्रिभुवन विमानस्थलमा साँझ ५:३६ मा अवतरण भएपछि त्यहाँको प्रक्रिया पूरा गरेर सेनाले ६१ नेपाली राति ८ बजे भक्तपुरका दुई होल्डिङ सेन्टरमा ल्याएको थियो ।

दुबईबाट फर्किएकामध्ये प्रदेश नं १ का ४१ इम्पिरियरमा र प्रदेश नं २ का २० नागरिक हेरिटेजस्थित नेपाली सेनाले तयार पारेको होल्डिङ सेन्टरमा आएपछि जब बसबाट उनीहरू झर्दै थिए, उनीहरूको मुहारमा थोरै खुशी धेरै पीडा देखिन्थ्यो ।

एकाध व्यक्तिको हातमा मात्रै सुटकेश थिए, आउनेमध्ये अधिकांशको हातमा एउटा सानो झोलाबाहेक केही थिएन । रित्तै हात आउने कतिपयको खुट्टामा चप्पल, आङमा पुरानो टिसर्ट र हाफ पाइन्टमात्रै थियो । लाग्थ्यो उनीहरू विदेशबाट होइन, कतै कारखानामा मजदुरी गरेर फर्किरहेका छन् । दुबईबाट ११ महिनामा स्वदेश फर्किएका बाराका अशोक सहनीले आठ महिना पनि राम्रोसँग काम गर्न पाएनन् । विदेश जाँदा लिएको ऋण जिउँदै छ, आमा, श्रीमती, तीन छोराछोरीको सपना दुबईमै सेलाएर उहाँ रित्तै हात फर्किनुभयो । कारोना भाइरस (कोभिड-१९) को महामारी फैलिएसँगै तीन महिना बेरोजगार बस्नुपर्दाको तलब पनि पाएनन । एक महिना खाना दिएको कम्पनीले त्यसपछि छाडेर जान ताकेता गर्‍यो ।

नेपाल फर्कने टिकटसम्म लिने पैसा बल्ल जोहो गर्न सक्नुभयो, लिएर आउनुभयो त केवल सिङ्गो शरीर । सहनी भन्नुहुन्छ, "धेरै सपना बोकेर गएको थिएँ, ऋण तिरौँला, आमा, श्रीमती र सन्तानलाई नयाँ लुगा ल्यादिउँला, तर फर्किंदा रित्तो ज्यान लिएर आएको छु, आफ्नै देशमा फर्किन पाएँ, यसैमा आफूलाई भाग्यमानी ठानेको छु ।"

सप्तरी कञ्चनपुरकी सीतादेवी सतारको दुःख पनि कम छैन । घरमा छोराछोरी सासूको जिम्मेवारी श्रीमानूलाई सुम्पिएर नौ महिनाअघि दुबई पुग्नुभएकी उहाँ एउटा घरमा काम गर्नुहुन्थ्यो ।रासस


## गणेशमान चारनाथ नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विरेन्द्रवजार, धनुषा

प्रदेश नं.२, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मिति:-२०७७/०२/२५

यस गणेशमान चारनाथ नगरपालिका नगरकार्यपालिकाको कार्यालय, विरेन्द्रवजार, धनुषाद्वारा तपसिलमा उल्लेखित निर्माण कार्यको लागि प्रथम पटक मिति:-२०७६/११/१३ मा जनकपुर टुडे राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोमा उक्त कार्यको लागि निर्धारित समयसिमा भित्र ई-विड मार्फत दर्ता हुन आएका वोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१(ङ) को उपनियम ४ वमोजिम सारभूत रुपमा प्रभावग्राहि भएका तपशिल वमोजिमका प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव सोहि नियमावलीको नियम ३१(ङ) को उपनियम ५ अनुसार मिति २०७७/०२/३२ गते दिउँसो १०.०० वजे यस कार्यालयमा खोलिने भएकोले सफल वोलपत्रदाताहरुलाई आर्थिक प्रस्ताव खोल्ने मिति र समयमा यस कार्यालयमा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कार्यको विवरण | सफल वोलपत्रदाता |
|---|---|---|
| GCM/WORKS/13/076-77 | Construction of Municipality Buildings | • M/S Sidhagadhi Engineers and Builders, Koteshwor-35, Kathmandu<br>• M/S Sugam-Bhimjyoti-Ominfratech JV, Mahendra Nagar-1, Sakhuwa, Dhanusha, Nepal<br>• M/S Sunkoshi Construction Nepal Pvt.Ltd., Lagankhel, Lalitpur, Nepal<br>• M/S Worldwide-ISNB J.V., Janakpur-04, Dhanusha, Nepal |
| GCM/WORKS/14/076-77 | Construction of Healthpost Buildings | • M/S BNS/BBB J.V., Lahan-03, Siraha, Nepal<br>• M/S Sidhagadhi Engineers and Builders, Koteshwor-35, Kathmandu<br>• M/S Sugam-Bhimjyoti-Ominfratech JV, Mahendra Nagar-1, Sakhuwa, Dhanusha, Nepal<br>• M/S Worldwide-ISNB J.V., Janakpur-04, Dhanusha, Nepal |

प्रमुख प्रशासकीय अधिकृत


# बजेटमा सञ्चार : सदनमा चिरफार

काठमाण्डु । "अनलाइन सञ्चारमाध्यमलाईलोककल्याणकारी विज्ञापन दिने उल्लेख छ तर त्यस्तो विज्ञापन सरकारको गुणगान गाउने अनलाइनलाई मात्रै हो या साँच्चिकै पत्रकारिता गर्ने अनलाइनलाई पनि हो ?"

***हाल मुलुकमा सूचीकृत अनलाइन दुई हजार नाघिसकेको छ । हालसम्म अनलाइन सञ्चारमाध्यमलाई नेपाल प्रेस काउन्सिलको वर्गीकरणमा समावेश नगरिएकामा सरकारले आगामी आर्थिक वर्षको बजेटमा अनलाइन सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापनको व्यवस्था गरेको थियो । सङ्ग्रौलाले वर्तमान सरकार आएदेखि नै प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने प्रयास गर्दै आएको आरोप लगाउँदै मिडिया विधेयक ल्याएर पत्रकारको स्वतन्त्रतामाथि हस्तक्षेप गरिएको जिकिर गर्नुभयो ।***

जनप्रतिनिधिको सार्वभौम थलो संसद्मा पत्रकारिता क्षेत्रलाई स्वतन्त्र र व्यावसायिक बनाउन आग्रहसहित नेपाली काँग्रेसका डिला सङ्ग्रौलाले प्रतिनिधिसभामा जारी विनियोजन विधेयक, २०७७ अन्तर्गत सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँग सम्बन्धित विषयमा यो प्रश्न उठाउनुभयो । हाल मुलुकमा सूचीकृत अनलाइन दुई हजार नाघिसकेको छ । हालसम्म अनलाइन सञ्चारमाध्यमलाई नेपाल प्रेस काउन्सिलको वर्गीकरणमा समावेश नगरिएकामा सरकारले आगामी आर्थिक वर्षको बजेटमा अनलाइन सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापनको व्यवस्था गरेको थियो। सङ्ग्रौलाले वर्तमान सरकार आएदेखि नै प्रेस स्वतन्त्रता नियन्त्रण गर्ने प्रयास गर्दै आएको आरोप लगाउँदै मिडिया विधेयक ल्याएर पत्रकारको स्वतन्त्रतामाथि हस्तक्षेप गरिएको जिकिर गर्नुभयो ।

बजेटमा डिजिटल स्वतन्त्रता, इन्टरनेट साक्षरता जस्ता विषय नसमेटिएको जनाउँदे उहाँले हुलाक प्रणालीको पुनःसरचना गर्ने भनिए पनि विकसित मुलुकमा अझै पनि हुलाक सेवाको महत्वपूर्ण स्थान रहेकामा नेपालमा हुलाक सेवा राज्यको प्राथमिकतामा नपरेको गुनासो गर्नुभयो ।

बजेटमा पहिलो पटक सूचना प्रविधिमा आधारित सञ्चारमाध्यमलाई प्रवर्द्धन गर्न सार्वजनिक सरोकार र लोककल्याणकारी विज्ञापन अनलाइनबाट समेत प्रसारण गर्ने व्यवस्था गरिएको छ । यसैगरी हुलाक सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदे सम्भाव्यताका आधारमा सेवा क्षेत्र विस्तार गरिने उल्लेख छ ।

बजेटमा सूचना प्रविधि, दूरसञ्चार र विद्यमान ब्रोडब्याण्ड नीति परिमार्जन गर्दै फाइबर टु होम प्रविधिबाट स्तरीय र भरपर्दो ब्रोडब्याण्ड इन्टरनेट सेवा दुई वर्षभित्र सबै स्थानमा पुऱ्याइने प्रस्ताव छ ।

आगामी वर्ष फोरजी सेवा देशव्यापी विस्तार गरिने, नेपाल टेलिभिजनको क्षमता विकास गर्दै अन्तरराष्ट्रियस्तरमा प्रसारण गर्ने, छायाङ्कनका लागि नेपाल कार्यक्रम सञ्चालन गर्ने, स्थानीय भाषा र संस्कृतिको संवर्द्धनमा योगदान गरेका स्थानीय प्रसारण माध्यमलाई राज्यले सहयोग गर्ने तथा राष्ट्रिय ज्ञान उद्यान स्थापना र छुट्टै साइबर सुरक्षा केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गर्ने प्रस्ताव छ ।रासस

# कोरोना भाइरसबाट विश्वमा करिब ४ लाख मृत्यु

एएफपी

जेनेभा । कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ३ लाख ९८ हजार २६० पुगेको छ भने, संक्रमितको संख्या ६८ लाख ५१ हजार ७१७ पुगेको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) आफ्नो दैनिक विज्ञप्तिमा जानकारी दिएको छ।



नेपाली समयानुसार शनिबार मध्याह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसको कारण बिरामी भएका ३३ लाख ५१ हजार ४०६ जना निको भएका छन्. । हाल विश्वभरीमा कोरोना भाइरस संक्रमित ३१ लाख २ हजार ५१ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरूमा ५३ हजार ६१८ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

चीनको हुबे प्रान्तको उहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यमा शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका अत्यन्त प्रभावित भएको छ । डब्लुएचओका अनुसार संयुक्त राज्य अमेरिकामा मात्र १९ लाख ६५ हजार ९१२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ । यस प्रकोपको कारण अमेरिकामा १ लाख ११ हजार ३९४ व्यक्तिको मृत्यु भएको छ।

दक्षिणमा अमेरिकामा १० लाख ७२ हजार ७९२ जना कोरोना भाइरस संक्रमति रहेका छन्। यहाँ ४७ हजार ४६३ जनाको मृत्यु भएको छ। उत्तर अमेरिकामा २२ लाख २९ हजार १७६ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ३३ हजार ९७२ जनाको मृत्यु भएको छ।

युरोपमा २० लाख ६२ हजार १६२ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने, १ लाख ७७ हजार ९६० को मृत्यु भएको छ। एसियामा १२ लाख ९८ हजार ६६७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ३३ हजार ७८४ जनाको मृत्यु भएको छ।

अफ्रिकामा १ लाख ७९ हजार ३३७ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ४ हजार ९४२ जनाको मृत्यु भएको छ । ओसियाना ८ हजार ८६५ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, १२४ जनाको मृत्यु भएको छ।

# डब्लुएचओबाट बाहिरिने ब्राजिलका राष्ट्रपतिको चेतावनी

एएफपी

रियो डि जानेरियो। ब्राजिलका राष्ट्रपति जैर बोल्सोनारोले आफ्नो देश विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) बाट बाहिरिने चेतावनी दिनुभएको छ । उहाँले शुक्रबार डब्लुएचओलाई यस्तो चेतावनी दिनुभएकोअधिकारीहरूलेजानकारी दिएका छन्। डब्लुएचओले यस्तै व्यवहार गरिरहयो भने ब्राजिल डब्लुएचओबाट बाहिरिन पनि पर्न सक्दछ, उहाँले भन्नुभयो ।

उहाँले डब्लुएचओलाई राजनीतिक प्रभावमा परेर त्यस्तै प्रकारको भूमिका खेल्न लागेको आरोप पनि लगाउनु भएको छ । राष्ट्रपति बोल्सोनारोले देशमा लकडाउन खुल्ला गरेकोमा डब्लुएचओले असहमति जनाउदै गलत भएको टिप्पणी गरेपछि उहाँले यस्तो चेनावनी दिनुभएको हो । लकडाउन खुल्ला गरेकाले ब्राजिलमा कोरोना भाइरसबाट संक्रमितहरूको संख्या अत्याधिक



बृद्धि भएको भन्दै डब्लुएचओले चिन्ता व्यक्त गरेको थियो।

डब्लुएचओले सामाजिक दुरी कायम राख्ने कुरालाई बढी ख्याल गर्न पनि ब्राजिललाई आग्रह गरेको थियो । तर यस विषयमा राष्ट्रपति बोल्सोनारोले लामो समयदेखि असहमति राख्दै आउनु भएको छ । उहाँको यही असहमति र फरक मतका कारण तत्कालिन स्वास्थ्य मन्त्रीलाई पनि बर्खास्त गर्नुभएको थियो । मन्त्रीले लकडाउन लगाउने चाहने तर राष्ट्रपति बोल्सोनारोले भने लकडाउन लगाउन नहुने भनेकाले ती मन्त्री बर्खास्तीमा परेका हुन्।

लकडाउन खुकुलो बनाएकै कारणले ब्राजिल अहिले अरू धेरै देशहरूलाई समेत उछिनेर कोरोना भाइरसबाट संक्रमित हुने दोस्रो धेरै संख्या रहेको देशमा पुगेको छ । पछिल्लो विवरण अनुसार ब्राजिलमा अहिलेसम्म ६ लाख ४६ हजार ६ जना सङ्क्रमित भएका छन् भने, ३५ हजार ४७ जनाको मृत्यु भइसकेको छ।

# पाकिस्तानमा कोरोना भाइरसका संक्रमितहरू बढिरहेको भएपनि सोमबारबाट लकडाउन खुल्ने

एएफपी

इस्लामावाद। पाकिस्तानमा कोरोना भाइरसबाट संक्रमितको संख्या दिन प्रतिदिन बढिरहेको भए पनि यहाँको सरकारले आगामी सोमबारदेखि लकडाउन खोल्ने भएको छ।

प्रधानमन्त्री इमरान खानले सोमबारदेखि देशव्यापी रूपमा नै लकडाउनलाई खुकुलो बनाउने बताउनुभएको पाकिस्तानी सञ्चारमाध्यमहरूले जनाएका हुन्।

प्रधानमन्त्री खानले देशको अर्थतन्त्रलाई बचाउन लकडाउनलाई लामो समयसम्म जारी नराख्ने बताउनुभएको हो । लामो समयसम्म लकडाउन गरी राख्दा मध्यमबर्गीय तथा श्रमजीवी बर्गको अवस्था नाजुक बन्नुका साथै दशेको अर्थतन्त्रमा नराम्रो प्रभाव पर्ने बताउनुभयो ।

त्यसैले यहाँका अधिकांश शहरहरूका साथै देशका प्रमुख केन्द्र तथा बजार पसलहरू पनि खुल्ने भएको बताइएको छ। प्रधानमन्त्री खानले शुक्रबार सो कुराको जानकारी दिनुभएको थियो।

पाकिस्तानमा पछिल्लो समयमा ४ हजार ७३४ जना संक्रमित थपिएको शनिबार बिहान जानकारी दिइएको छ। ती पछिल्लो समयमा थपिएका संक्रमितसहित यहाँका संक्रमितको संख्या ९३ हजारभन्दा बढी पुगेको यहाँको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यहाँ सो भाइरसबाट ज्यान जाने व्यक्तिको संख्या १ हजार ९३५ जना पुगेको बताइएको छ। यहाँका स्वास्थ्य अधिकारीहरूले यो भाइरसबाट गएको २४ घन्टामा मात्र ९७ जनाको ज्यान गएको बताएका छन्।

यहाँका ३२ हजार जना भन्दा बढीलाई निको भएको बताइएको छ। यहाँको सिन्ध प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्र हो। त्यस्तै त्यसपछिको प्रभावित क्षेत्र भनेको पञ्जाव प्रान्त हो।

# सोमालियामा बाढीका कारण २९ को मृत्यु १० लाख प्रभावित

एएफपी

मोगादिसु । सोमालियामा व्यापक वर्षापछि नदीहरूमा आएको बाढी किनार क्षेत्रका वस्तीमा पस्दा कम्तीमा २९ व्यक्तिको मृत्यु भएको राष्ट्रसंघीय मानव सहायता संस्था 'ओसीएचए' ले शुक्रबार जानकारी गराएको छ।

अप्रिलदेखि अहिलेसम्म आएका बाढीका कारण २९ जनाको मृत्यु भएको र करिब १० लाख सोमालियाली नागरिक प्रभावित बनेको राष्ट्रसंघीय निकायले बताएको हो।

सोमालियाका विभिन्न २९ जिल्लामा बाढीका कारण चार लाख १८ हजार व्यक्ति विस्थापित बनेका छन् मानवीय सहयोगका विस्थापितसम्म राहत र पालहरू लिएर पुनका लागि राष्ट्रसंघको प्रयास निरन्तर रहेको बताइएको छ । ठूलो वर्षापछि हजारौँ हेक्टर जमिनमा लगाएको बाली बाढीले पुरेको वा बगाएको छ भने यसका कारण सोमालियाका बाढी प्रभावित क्षेत्रमा खाद्य सङ्कट बढेको ओसीएचएको प्रतिवेदनमा उल्लेख छ।

राष्ट्रसंघ मानवीय सहयोग निकायहरू वर्षा र बाढीका कारण भएका विनाशकारी असरलाई कम गर्न दुई लाख ५५ हजार मानिसका लागि खाद्यान्न, औषधि तथा अतिआवश्यकीय मानवीय सहयोगसहित घटनास्थलमा पुगेका छन्। "सहयोगमा खाद्यान्न, सफा पिउने पानी, आकस्मिक बासस्थान, पोषण र औषधीजन्य सामग्रीको आपूर्ति भएको छ," उक्त संस्थाले बताएको छ।

राष्ट्रसंघीय निकायका अनुसार सोमालियामा वार्षिक वर्षाको औसत ७५ प्रतिशत मात्रा अप्रिलदेखि जुन महिनामा हुने भएकोले यो समयमा बढी वर्षा हुने र बाढी आउने र वस्तीहरू डुवानमा पर्ने गर्दछन्।

वर्षाका कारण आफ्नो जीविकोपार्जनको एकमात्र उपाय मान्ने कृषिमा आश्रित समुदायहरू बढी प्रभावित हुने गर्छन् । विश्वव्यापी महामारीसँग जुभिरहेका सोमालियाली नागरिकलाई बाढी र डुबानले थप सङ्कटग्रस्त बनाएको छ।

# टर्कीका राष्ट्रपतिद्वारा हप्तान्तको लकडाउन स्थगित

एएफपी

अङ्कारा। टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले हप्तान्तका लागि तय गरिएको लकडाउन स्थगित गर्नुभएको छ। उहाँले शुक्रबार लकडाउन स्थगित गरिएको घोषणा गर्नुभएको अधिकारीहरुले जानकारी दिएका छन्।

कोरोनाभाइरस फैलिन नदिन भन्दै गृह मन्त्रीले बिहीबार अबेर लकडाउन स्वरुप कफ्र्यु घोषणा गर्नुभएको थियो। उहाँले यही हप्तान्तका लागि १५ प्रदेशमा लागु हुनेगरी घोषणा गर्नु भएको थियो।

गृहमन्त्रीको घोषणापछि आम नागरिकको प्रतिक्रियालाई आधार मानेर स्थगित गरिएको राष्ट्रपति एर्दोगानको भनाई छ। "आम नागरिकको सुझाव र प्रतिक्रियाका आधारमा हामीले निर्णयलाई पुनर्विचार गरेका छौँ," उहाँले भन्नुभएको छ। "नागरिकको स्वास्थ्य र जीवन रक्षाका लागि नै कफ्र्यु लगाउने निर्णय गरिएको थियो तर नागरिकहरुले नै असन्तुष्टि जनाएपछि हामीले निर्णय परिवर्तन गरेका छौं।"

# फ्लोइडको स्मृतिमा अमेरिकामा देशभरी हजारौँको प्रदर्शन

एएफपी

वासिङ्टन। प्रहरी हिरासतमा मारिएका अश्वेत अमेरिकीको स्मृतिमा देशभरी हजारौँले प्रदर्शन गरेका छन्। प्रहरीद्वारा हत्यागरिएका जर्ज फ्लोइडमाथि अन्याय भएको भन्दै प्रदर्शनकारीहरुले फ्लोइडलाई न्यायको माग गर्दै प्रदर्शन गरेका हुन्।

उनीहरुले अमेरिकाका धेरै शहरहरुमा 'प्ले कार्ड'सहित शान्तिपूर्ण प्रदर्शन गरेको विभिन्न सञ्चारमाध्यमले समाचार सम्प्रेषण गरेका छन्। गत मे २५ मा फ्लोइडको हत्या भएपछि देशभर भएका प्रदर्शनहरू हिंसात्मक बनेका थिए यद्यपि आन्दोलन पछिल्ला दिनहरू शान्तिपुर्ण रहेका छन्। फ्लोइडका परिवारजनले आन्दोलनलाई शान्तिपूर्ण गराउन आह्वान गरेपछि देशभरी आन्दोलन शान्तिपूर्ण भएको हो।

त्यसअघि आन्दोलनका क्रममा दर्जनभन्दा बढीको मृत्यु भइसकेको छ भने करोडौँ अमेरिकी डलर बराबरको भौतिक क्षति भएको छ । अमेरिकाको मिनियापोलिसस्थित प्रहरी कार्यालयमा श्वेत प्रहरीले घाँटी च्यापेर ४६ बर्षीय फ्लोइडको हत्या गरेको आरोप लगाइएको छ ।घाँटी च्यापेर हत्या गरेको भिडियो सार्वजनिक भएपछि आन्दोलन चर्किएको हो भने सरकारले छानविन प्रक्रिया पनि अगाडि बढाएको छ । प्रहरीले हत्या आरोपित प्रहरीलाई बर्खास्त गरेर नियन्त्रणमा लिई छानविन तथा कारबाही शुरु गरेको हो।

प्रदर्शनकारीले अमेरिकाको प्रहरी र न्याय सेवामा व्यापक परिवर्तनको आवश्यकता रहेकोमा जोड दिँदै आएका छन्।

देशका न्युयोर्क, वासिङ्टन डिसी, सिकागो, लस एन्जलसलगायतका ठाउँमा प्रदर्शनकारीले गत एक हप्ताभन्दा लामो समयदेखि प्रदर्शन गर्दै आएका छन् । शुक्रबार लस एन्जलसमा प्रदर्शन गर्नेहरुले बाजा बजाउदै नारा लगाएका थिए । आन्दोलनका क्रममा दश हजराभन्दा बढी प्रदर्शनकारी पक्राउ गरेका छन् भने हजारौँ घाइते भएका छन्।

# अलकायदाको प्रमुख मारिएको फ्रान्सेली रक्षामन्त्रीको जानकारी

एएफपी

पेरिस । फ्रान्सका रक्षामन्त्री फ्लोरेन्स पार्लीले आतंककारी संगठन अल कायदाको मालीका प्रमुखको फ्रान्सेली सैनिकको कारबाहीमा परी मृत्यु भएको जानकारी दिनुभएको छ।

रक्षामन्त्री पार्लीले फ्रान्सेली सैनिकको कारबाहीमा परी अल कायदाको मालीका प्रमुख अब्लेलमार्क डूकदेलको ज्यान गएको शनिबार जानकारी दिनुभएको हो । शुक्रबार आफ्नो ट्वीटर पेजमा उहाँले सो कुराको जानकारी दिनुभएको पेरिसबाट प्राप्त भएको समाचारमा जनाइएको छ।




मालीमा एक्युएमआई नामक आतंककारी संगठन चलाएको र सो संगठन अलकायदासँग आबद्ध रहेको जानकारी उहाँले दिनुभएको छ । मालीमा सो संगठनले सन् २०१२ देखि नै आतंक मच्चाइ आएको छ। त्यस वर्ष मालीको उत्तरी भूभाग सो संगठनले कब्जा गरेको थियो । पछि उक्त भूभाग फ्रान्सेली सेनाले फिर्ता ल्याएको थियो।

उक्त आतंककारी संगठनले सन् २००७ देखि उत्तरी अफ्रिका र साहेलमा पनि सशस्त्र लडाकूहरूमार्फत हिंसात्मक आत्रमण गरी आतंक मच्चाउने गरेको पनि बताइएको छ।

# लकडाउन असफल– राहुल गान्धी

एएफपी

नयाँ दिल्ली । भारतीय काँग्रेसका नेता राहुल गान्धीले भारत सरकारले जारी राखेको लकडाउनअसफलभएको टिप्पणी गर्नुभएको छ।



उहाँले भारत सरकारले लिएको यस लकडाउनको नीतिले भारतमा कोरोना भाइरसको संक्रमण रोक्न नसकेको आरोप पनि लगाउनुभएको छ । उहाँले संक्रमितहरू दिनप्रति दिन बढ्दै गएका तर सरकारले लकडाउनको नीतिलाई राम्रोसँग पालना गराउन नसकेको बताउनुभएको हो । उहाँले पछिल्ला दिनहरूमा भारतमा हरेक दिन ९ देखि १० हजार सम्म संक्रमितहरू थपिने गरेकोले सरकार यो महामारी रोक्न असफल भएको बताउनुभएको हो । उहाँले भारतमा पनि अमेरिका र बेलायतको जस्तो महामारीको अवस्था आउने कुरा पछिल्ला तथ्यांकहरूले देखाएको धारणा पनि राख्नुभयो । उहाँले लकडाउनले पनि यहाँको महामारी रोक्न नसकेपछि अब सरकारले अरू विकल्पहरू रोज्नुपर्ने पनि ट्वीटमार्फत सुझाउनुभएको छ । भारतमा शुक्रबारमात्र ९ हजार ८५१ जना संक्रमित थपिएका थिए । यहाँ गएको २४ घन्टायता २७३ जनाको कोरोना भाइरसको संक्रमणबाट ज्यान गएको बताइएको छ। यहाँ यस भाइरसका २ लाख २६ हजार ७७० जना संक्रमति भएका छन्। यीमध्ये १ लाख १० हजार ९६० जना पोजेटिभ छन् । अरू निको भएर घर फर्किएका छन्।

# कोरोना भएको आशङ्कामा युगाण्डाका प्रधानमन्त्री 'आइसोलेसन' मा

एएफपी

कम्पाला। युगाण्डाका प्रधानमन्त्री रुहकाना रुगुन्दा आइसोलेसनमा बस्न थाल्नु भएको छ। उहाँसँग सम्पर्कमा आएको व्यक्ति कोरोनाभाइरसबाट सङ्क्रमित भएको परीक्षणबाट पुष्टि भएपछि उहाँले एकान्तमा बस्ने घोषणा गर्नुभएको हो।

उहाँको सम्पर्कमा रहेका व्यक्तिलाई शुक्रबार कोरोना पुष्टि भएपछि प्रधानमन्त्री आफै आइसोलेसनमा बस्नु भएको अधिकारीहरुले जानकारी दिएका छन्।

सामाजिक सञ्जाल ट्वीटरमा उहाँले लेख्नुभएको छ, "साथीहरु म आफै आइसोलेसनमा बस्न थालेको छु, कोरोनाभाइरस परीक्षणका क्रममा मेरो रिपोर्ट ठीक आएको भएपनि मेरो सम्पर्कमा रहेको व्यक्तिमा सङ्क्रमण पुष्टि भएकोले स्वास्थ्य अधिकारीहरुको निर्णय र सुझाव अनुसार म आइसोलेसनमा बस्न लागेको हुँ।" उहाँ कोरोनाभाइरस विरुद्धको लडाईमा देशको नेतृत्व गरिरहनुभएको थियो।

# अमेरिकाको राष्ट्रपति पदका लागि जो बाइडेनको उम्मेदवारी सुनिश्चित

एएफपी

वासिङटन। अमेरिकाको राष्ट्रपतिको आगामी कार्यकालका लागि डेमोक्र्याटिक पार्टीको तर्फबाट जो बाइडेनले उम्मेरबारी दिने सुनिश्चित भएको छ।

यही बर्ष सन् २०२० को नोभेम्बरमा हुने निर्वाचनमा उहाँले वर्तमान राष्ट्रपति डोनाल्ड




ट्रम्पलाई टक्कर दिनुपर्नेछ।

कोरोनाको महामारी, आर्थिक चुनौती र नागरिक अशान्ति लगायतका विषयलाई उहाँले मुख्य एजेण्डाको रूपमा अगाडी सार्नुहुने जनाइएको छ।

पूर्व उपराष्ट्रपति समेत रहनु भएका बाइडेनले आफ्नो पार्टीबाट उम्मेदबारी दिने निर्णय शुक्रबार राती भएको हो ।निर्णय भएपछि उहाँले भन्नुभएको छ, "हाम्रो पार्टीमा धेरै विद्धान तथा क्षमतावान उम्मेदवारहरू अरू धेरै हुदा हुदै पनि मलाई अवसर दिनुभएकोमा म सवैप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।"

उहाँले पार्टीको एकतासहित आफुहरू आउदो आम निर्वाचनमा जान लागेकोमा आफुलाई गौरब महसुस भएको पनि बताउनु भएको छ।

आफ्नो पार्टीबाट सहजै उम्मेदबार बन्न पाउने अवस्था आउनु उहाँका लागि सफल पक्ष भएको राजनीतिज्ञहरूले बताएका छन्।

उहाँको पार्टीबाटै राष्ट्रपतिका लागि उम्मेदबार बन्न चाहेका कतिपय उम्मेदबारहरूले आफ्नो उम्मेदवारी अभियानलाई स्थगित गरेको घोषणा यसअघि नै गरिसकेका छन्।

डेमोक्र्याटिक पार्टीबाटै उम्मेदबार बन्न खोजेका बेर्नी सन्डेर्सले गत अप्रिलमै चुनावी अभियानबाट आफू पछाडी हटेको घोषणा गर्नुभएको थियो।

बाइडेनसँग अहिले एक हजार ९९५ जना डेलिगेडट्स रहेका छन् भने उहाँले चुनावी प्रचार प्रसारलाई अव झन सशक्त बनाउने बताउनु भएको छ।

तत्कालिन राष्ट्रपति बाराक ओबामाको कार्यकालमा उपराष्ट्रपति भएकाले उहाँलाई अमेरिकामा अहिले पनि निकै लोकप्रिय मानिनले ओबामाको ठूलो सहयोग हुने देखिएको छ।

पछिल्लो समय बाइडेनलाई उम्मेदबार बनाउन पनि ओबामाले महत्वपूर्ण भूमिका खेलेको बताइएको छ। उहाँले आगामी चुनावी अभियानलाई थप प्रभावकारी बनाउने र नेतृत्वदायी भूमिका खेल्ने अपेक्षा गरिएको छ।

बर्तमान राष्ट्रपति ट्रम्पले ओबामालाई लगातार अभिव्यक्ति मार्फत् आत्रमण गरिरहने गरेकाले पनि ट्रम्पलाई हराउन ओबामा सत्रिय हुने अनुमान गरिएको छ।

ओबामाको समर्थनका कारण बाइडेनलाई अस्वेत मतदाताहरूको थप सहयोग हुने विश्लेषण गरिएको छ।

ओबामाको उपराष्ट्रपति हुनुभन्दा अगाडी बाइडेन झण्डै ३६ बर्ष सिनेटको सदस्यका रूपमा रहनु भएको थियो। उहाँ अहिले ७७ बर्षको हुनुभएको छ। उहाँलाई अमेरिकामा अनुभवी, परिवक्व र सन्तुलित नेताका रूपमा लिने गरिन्छ।

# फेसबुकद्वारा फोटो र भिडियो सङ्ग्रहसम्वन्धी नयाँ सुविधा थप

एएफपी

वासिङ्टन डिसी। विश्वभरी अत्यधिक प्रयोग हुँदै आएको सामाजिक सञ्जाल फेसबुकले नयाँ सुविधा थप गरेको छ।

गत अप्रिलदेखि अमेरिका र क्यानडामा शुरु गरेको नयाँ सुविधा फेसबुकले अहिले भने विश्वभरीकै लागि खुल्ला गरेको जनाएको छ । अमेरिका र क्यानडाका प्रयोगकर्ताहरूको टिप्पणी र सुझावका आधारमा सुधार गरेर फेसबुकले यो सेवा विश्वव्यापी गरेको हो।

नयाँ सुविधा अनुसार फेसबुकमा राखिएको फोटो तथा भिडियो अबदेखि गुगल फोटोमा सारेर सङ्ग्रह गर्न सकिने भएको छ। फेसबुकबाट गुगलमा फोटो सार्नका लागि केही प्रक्रिया अपनाउनु पर्ने कम्पनीले जनाएको छ ।गुगलमा फोटो सार्नका लागि फेसबुकको 'योर फेसबुक इन्फर्मेसन' मा जानु पर्नेछ।

# कोरोना भाइरस संक्रमणमा भारत इटली भन्दा अगाडि, दिनमा झण्डै दश हजार संक्रमित

एएफपी

नयाँदिल्ली । विश्वभरी महामारीका रूपमा फैलिएको कोरोनाभाइरसको संक्रमणमा भारतले इटलीलाई पनि जितेको छ । विश्वमै धेरै संक्रमित भएका देशहरूको सूचीमा छैटौं अग्रपंक्तिमा रहेको इटलीलाई उछिनेर अहिले भारत छैटौं अग्रपंक्तिमा पुगेको हो ।

भारतमा अहिले कुल संक्रमितको संख्या २ लाख ३६ हजार ६५७ पुगेको अधिकारीहरूले जनाएका छन् । इटलीमा भने अहिलेसम्म दुई लाख ३४ हजार ५३१ जना कोरोना भाइरस संक्रमित रहेका छन्। कोरोनाका कारण मृत्यु भएकाहरूको संख्या भने भारतमाभन्दा इटलीमा अत्यधिक धेरै रहेको छ ।

भारतमा अहिलेसम्म ६ हजार ६४२ को मृत्यु भएको छ भने इटलीमा ३३ हजार ७७४ जनाको कोरोनाका कारण मृत्यु भएको छ। भारतका स्वास्थ्य अधिकारीहरूले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा ९ हजार ८८७ जना संक्रमित भएका छन्।

## कोरोना भाइरसको महामारी चुनौतीसँगै अवसर पनि हो : सांसद भट्टराई



ि च ' ल ` ढ ु ङ ्गा । प्रतिनिधिसभा सदस्य विद्या भट्टराईले कोरोना भाइरसको महामारीले चुनौतीसँगै अवसरहरू पनि ल्याएको बताउनुभएको छ ।

"अहिलेको यो कोरोनाको सङ्कट पनि देशलाई स्वाधीन अर्थतन्त्र र आत्मनिर्भर बनाउने उपयुक्त अवसर हो", नेपाल राष्ट्रिय शिक्षक सङ्गठन कास्कीद्वारा आयोजित 'राष्ट्रिय अनलाइन वक्तृत्वकला प्रतियोगिता'को अवलोकन गर्दै उहाँले भन्नुभयो, "भौतिक विकासले मात्र समृद्धि हासिल गर्न नसकिने भएकाले सामाजिक न्याय र समतामूलक विकासमा हामीले जोड दिनुपर्छ ।"

सांसद भट्टराईले कोरोनाको कहर र लकडाउनको विषम परिस्थितिमा पनि शिक्षक सङ्गठनले अनलाइनमार्फत् विद्यार्थीलाई सिकाइमा सक्रिय बनाउन उत्प्रेरित गरेकामा धन्यवाद व्यक्त गर्दै अहिलेको अवस्थामा प्रविधिमैत्री विद्यालय, अनलाइन कक्षा र शिक्षणका वैकल्पिक उपायहरू सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रमको समीक्षा गर्दै नेपाल प्रगतिशील प्राध्यापक सङ्गठन केन्द्रीय समितिका अध्यक्ष प्रा डा यादवप्रकाश लामिछानेले वर्तमान समस्याका बीच विद्यार्थीको सहभागिता र विषयवस्तुप्रतिको गम्भीर्यता, गहिराई, प्रस्तुति प्रसंसायोग्य भएको बताउनुभयो ।

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन कास्कीका अध्यक्ष जगन्नाथ अधिकारीले अबको युग सूचना र प्रविधिको युग भएकाले कोरोनाले शिक्षक, विद्यार्थी र अभिभावकलाई प्रविधिमा जोडिन सिकाएको उल्लेख गर्दै यो प्रतियोगिता पनि यसै कोरोनाको कारण सम्भव भएको र यसका लागि नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो ।

सङ्गठनका जिल्ला अध्यक्ष रोमहर्षण पौडेलले समयको मागलाई ध्यान दिँदै सङ्गठनले पहिलो चरणको अनलाइनमार्फत शिक्षक तालिम र दोस्रो चरणअन्तर्गत वक्तृत्वकला प्रतियोगिता राखिएको जानकारी दिनुभयो । उक्त प्रतियोगितामा देशभरबाट ९७ विद्यार्थी सहभागी भएका थिए । प्रतियोगिताको तेस्रो दिन 'आत्मगौरवका लागि आत्मनिर्भरता' भन्ने शीर्षकमा १० जना विद्यार्थीले आफ्नो विचार प्रस्तुत गरेका थिए ।रासस

# कोभिड-१९ को असर कम गर्न दिगो अर्थतन्त्र विकासमा जोड



काठमाण्डु । प्रतिनिधिसभाको शनिबारको बैठकमा विनियोजन विधेयक, २०७७ का विभिन्न शीर्षकमाथिको छलफलमा भाग लिँदै सांसदले कोभिड-१९ बाट आक्रान्त भएको मुलुकको अर्थतन्त्रको विकासमा ध्यान दिन आग्रह गर्नुभएको छ । सांसदले दिगो अर्थतन्त्र विकासतर्फ बजेट केन्द्रित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सर्वसाधारणमा सङ्क्रमणको दर बढ्दो क्रममा रहेकाले त्यसलाई रोक्न आवश्यक योजनासहित थप सक्रियता बढाउनुपर्ने आवश्यकता रहेको सांसदको भनाइ थियो । पछिल्ला दिनमा कोभिड-१९ को सङ्क्रमण दैनिक दुईदेखि तीन सयको हाराहारीमा देखिन थालेको छ ।

बैठकमा नेपाली काँग्रेसका मीनबहादुर विश्वकर्माले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा ध्यान दिनुपर्ने बताउनुभयो । उद्योग खुलाउनेतर्फ बजेट व्यवस्था गर्न नसकिएको उहाँको आरोप थियो । उहाँले जातीय भेदभाव तथा छूवाछूत अन्त्य गर्नेगरी उचित बजेटको व्यवस्था हुन नसकेको पनि बताउनुभयो । विद्युतीय सवारी साधनको कर बढाएर सरकारले व्यवसायिलाई हतोत्साहित पारेको उहाँले जिकिर गर्नुभयो ।

सोही दलका पार्वता डिसी चौधरीले कोभिड-१९ नियन्त्रणका लागि सञ्चालन भएका क्वारेन्टिन व्यवस्थित गर्न सरकारसँग माग गर्नुभयो । कोरोना नियन्त्रणका लागि बजेट न्यून भएको उहाँको भनाइ थियो । काँग्रेसके पद्मनारायण चौधरीले कृषि क्षेत्र आर्थिक विकासको आधार भए पनि बजेटको प्राथमिकतामा नपरेको भनी चिन्ता प्रकट गर्नुभयो । उहाँले पिसिआर परीक्षणको दायरा बढाउँदै आइसोलेशन र क्वारेन्टिन व्यवस्थापनमा तत्काल ठोस कदम चाल्न आग्रह गर्नुभयो ।

काँग्रेसके राजेन्द्रकुमार केसीले वन तथा वातावरण मन्त्रालयको खर्च कटौतीको प्रस्ताव राख्दै वन नेपालको समृद्धिको स्रोत भए पनि यसबाट प्रचुर फाइदा लिन नसकिएको बताउनुभयो ।

सोही दलकी सीतादेवी यादवले मुलुकको आवश्यकता भनेको कोभिड-१९ बाट मुक्त गर्दै रोजगारी सिर्जना गर्नु हो भन्नुभयो । उहाँले प्रदेश नं २ मा बजेटले विभेद गरेको जिकिर गर्नुभयो । द्वन्द्वपीडितका लागि बजेट नआएको भनी उहाँले दुःख प्रकट गर्नुभयो ।

काँग्रेसके देवेन्द्रराज कँडेलले कोभिड-१९ रोक्नका लागि पिसिआर परीक्षण बढाउन माग गर्नुभयो । उहाँले कोभिड-१९ रोकथाममा सरकारले चालेको कदम अपुग भएको बताउनुभयो ।

सांसद पद्मनारायण चौधरीले विनियोजन विधेयक २०७७ अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय शीर्षकको खर्च कटौती प्रस्ताव राख्दै सङ्कटपूर्ण अवस्थामा रहेको मुलुकको आर्थिक विकासमा ध्यान दिन सरकारलाई आग्रह गर्नुभयो । आजको बैठकमा सांसदले अर्थ, श्रम, रोजगार तथा समाजिक सुरक्षा, वन तथा वातावरण, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, उद्योग, वाणिज्य तथा आपूर्ति, स्वास्थ्य तथा जनसङ्ख्या, कृषि तथा पशुपन्छी र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका विभिन्न शीर्षकमाथि छलफल गर्नुभएको थियो ।रासस

## उद्योगमा तीन अर्ब लगानी

काठमाण्डु । बन्दाबन्दीको पछिल्लो एक महिनामा विदेशी तथा स्वदेशीको लगानी रहने गरी उद्योगमा पौने रु तीन अर्ब लगानी भित्रिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार एक महिनाका अवधिमा स्वदेशी चार र विदेशी ११ गरी १५ उद्योगमा रु दुई अर्ब ७४ करोड ९० लाख बराबरको लगानी स्वीकृत भएको छ ।

उद्योग विभागबाट ११ उद्योगमा रु ९२ करोड ७० लाख विदेशी लगानी र चार नयाँ उद्योगमा रु एक अर्ब ८२ करोड २० लाख स्वदेशी लगानी भित्रिएको मन्त्रालयका प्रवक्ता प्रकाश दाहालले जानकारी दिनुभयो । उहाँका अनुसार सबैभन्दा धेरै लगानी चीनबाट भित्रिएको छ । चीनबाट सात उद्योगमा रु ७२ करोड ७० लाख तथा भारत, दक्षिण कोरिया, नेदरल्याण्डस र मलेसियाबाट पाँचपाँच करोड भित्रिएका छन् ।

उहाँका अनुसार मन्त्रालयले औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा २० मा व्यवस्था भएको औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको काममा सहयोग गर्न उद्योगमन्त्रीको संयोजकत्वमा उद्योग तथा लगानी क्षेत्रका प्रतिष्ठित व्यक्ति एवं सम्बन्धित क्षेत्रका विज्ञ रहने गरी एक उच्चस्तरीय औद्योगिक तथा लगानी नीति मञ्च गठन गरिएको छ । मञ्चलाई प्रचलित कानूनद्वारा बोर्डलाई तोकिएका कार्यका अतिरिक्त छिमेकी मुलुकको उद्योग तथा लगानीसम्बन्धी व्यवस्थाको अध्ययन गरी सिफारिस गर्ने एवं उद्योग तथा लगानी प्रवर्द्धनमा देखिएका क्षेत्रगत, प्रक्रियागत, प्रविधिगत सुधारका विषय, उद्योग र लगानी प्रवर्द्धनका लागि अर्थतन्त्रमा गर्नुपर्ने सुधार, रोजगारी अभिवृद्धि, उद्योग तथा लगानीको वातावरणीय पक्ष, प्रदेश तथा स्थानीय तहका उद्योग एवं लगानीसम्बन्धी विषयमा बोर्डलाई आवश्यक परामर्श तथा सुझाव दिन कार्यदिशा तोकिएको छ ।रासस

**उद्योग विभागबाट ११ उद्योगमा रु ९२ करोड ७० लाख विदेशी लगानी र चार नयाँ उद्योगमा रु एक अर्ब ८२ करोड २० लाख स्वदेशी लगानी भित्रिएको मन्त्रालयका प्रवक्ता प्रकाश दाहालले जानकारी दिनुभयो ।**

# गौशालामा साइबेरियन बकुल्ला

जलेश्वर । महोत्तरी जिल्लाको गौशाला नगरपालिकामा अहिले साइबेरियन बकुल्ला आउन थालेका छन् ।

हजारौँको सङ्ख्यामा रहेका साइबेरियन बकुल्लाले यतिखेर महोत्तरीको गौशाला नगरपालिका र बजार वरपरका रुख सेताम्मे देखिन्छन् ।

रुख नै ढाकेर सेतो हुने गरी बसेका बकुल्लाजस्तो देखिने साइबेरियन चरा हेर्न अहिले गौशालामा भीड लाग्ने गरेको छ ।

अहिले ती चराले महोत्तरीको गौशाला इलाका प्रहरी कार्यालय परिसरमा रहेका रुखलाई आफ्नो वासस्थानका रूपमा प्रयोग गर्ने गरेका छन् ।

इलाका प्रहरी कार्यालय वरिपरि भएका रुखमा रहरलाग्दा गुँड बनाएर यी चरा बस्ने गर्छन् । यतिखेर महोत्तरीको गौशाला नगरक्षेत्रमा चरा महोत्सव भएजस्तै साइबेरियन चराले भरिभराउ छन् ।

नेपालको यस स्थानमा मात्र आउने साइबेरियन चरा वर्षेनी गर्मी मौसमको शुरुआतसँगै आउने र असोजको अन्तिम सम्ममा पुनः फर्कने गरेका छन् । बकुल्ला जस्तै देखिने सेतो रङका चरा बकुल्ला प्रजातिको भएको र करिब छ महिनासम्म यस स्थानको बसाइँ गर्दछन् ।

यो समय यी पक्षीका लागि प्रजननको समय भएकाले यस स्थानमा आउने गरेको बताइएको छ । दश वर्षदेखि यी चरा यस स्थानमा आउने गरे पनि सो क्षेत्रका रुख दिन प्रतिदिन पातलिँदै गएपछि सङ्कटमा पर्न लागेको जनगुनासो बढेपछि अहिले वृक्षरोपण पनि शुरु गरिएको छ ।रासस

## मेची-महाकाली विद्युतीय रेलमार्ग : इनरुवा खण्डको काम शुरु



काठमाण्डु । भौतिक पूर्वाधारको विकासलाई प्रमुख प्राथमिकतामा साथ अगाडि बढाएको सरकारले पूर्वपश्चिम विद्युतीय रेलमार्गलाई थप गति दिने भएको छ । मेची-महकाली विद्युतीय रेलमार्गको काकडभिट्टा-इनरुवा खण्ड निर्माणका लागि झापा जिल्लाभित्र पर्ने जग्गाधनीलाई मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया शुरु भएसँगै आयोजनाले थप गति लिने भएको हो ।

भौतिक पूर्वधार तथा यातायात मन्त्रालय मातहतको रेल विभागले झापादेखि मोरङ र सुनसरी खण्डको कूल १०६ किलोमिटर लामो रेलमार्ग निर्माणका लागि जग्गाधनीलाई मुआब्जा वितरण गरी काम शुरु गर्न लागेको हो । विभागले स्थलगतरूपमा अध्ययन गरी आज झापाको कूल दुई हजार बढीलाई मुआब्जा दिनका लागि प्रक्रिया अगाडि बढाएको हो । जिल्ला प्रशासन कार्यालय झापाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित जग्गाधनीले सम्पर्क राख्न भनेको छ ।

जिल्ला प्रशासन कार्यालय झापाले जग्गाधनी वा जग्गाको मोही वा निजको ऐनबमोजिम अधिकारप्राप्त वारेसले जग्गाधनी प्रमाणपुर्जा, मालपोत तिरेको रसिद तथा नेपाली नागरिकताको प्रमाणपत्रका साथमा सम्पर्क राख्न आग्रह गरेको छ ।

रेल विभागले रेलमार्गभित्र पर्ने जग्गामा बनेका घरटहरा, गोठ, पर्खाल वा रुख-बिरुवा, बोरिङ आदि समेत खुलाई आवेदन दिन भनिएको छ । विभागका महानिर्देशक बलराम मिश्रका अनुसार रेलमार्ग निर्माणका लागि पहिलो चरणको काम शुरु गरिएको हो । उहाँका अनुसार सो रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) समेत तयार भइसकेको छ । सरकारले आगामी आवका लागि तय गरेको नीति तथा कार्यक्रममा पूर्वपश्चिम रेलमार्गको काँकडभिट्टा-इनरुवा खण्डको निर्माणको काम पनि शुरु गर्ने विषयलाई नीति तथा कार्यक्रममा समावेश गरेको छ । पूर्वपश्चिम रेलमार्गको एउटा बाहेक सबै खण्डको विस्तृत परियोजना प्रतिवेदन तयार भइसकेको छ ।

महानिर्देशक मिश्रका अनुसार रेलमार्ग निर्माण हुने खण्डका स्थानीयवासीलाई सहज तवरले आयोजनाका बारेमा जानकारी होओस् भन्ने ध्येयका साथ सूचना प्रकाशित गरिएको हो । अब सुनसरी र मोरङको पनि एकाध दिनभित्रै सूचना प्रकाशित हुने भएको छ ।

विभागले लकडाउनको समयमा समेत रेलमार्ग निर्माणको कामलाई अगाडि बढाइरहेको छ । मेची-महाकाली रेलमार्गको बर्दिवास-निजगढ खण्डका स्थानीयवासीले लकडाउनको समयमा नै मुआब्जावापतको रकम बुझेर थप सहज बनाइदिएका छन् । मुआब्जा नपाएसम्म काम गर्न नदिने स्थानीयवासीको अडानलाई रेल विभागले सम्बोधन गर्दै रौतहटको चन्द्रपुर-८ बेतौनाका स्थानीयवासीलाई केही दिनअघि रकम उपलब्ध गराएको थियो ।

विभागका अनुसार झण्डै पाँच महिनादेखिको विवाद मुआब्जा वितरणपछि समाधान भएको थियो । सो स्थानको कूल २६ जनाको ३२ कित्ता जमिन रेलमार्गमा परेको छ । हालसम्म १५ जनाले रकम बुझेका छन् । बाँकी रहेकाको समेत मुआब्जा दिएर काम शुरु गर्ने तयारीमा विभाग रहेको छ । सो खण्डको ठेक्का लुम्बिनी, एपेक्स, थानी जेभी कन्स्ट्रक्शनले पाएको छ । कूल रु ७० करोडमा ठेक्का पाएको उक्त खण्डको काम गत साउन ३० गतेबाट शुरु भएको हो । सम्झौताअनुसार २०७८ माघमा काम सक्नुपर्ने व्यवस्था छ ।

बर्दिवास-निजगढ खण्डमा पर्ने रौतहटको सन्तपुर क्षेत्रमा ट्र्याक बेड तथा त्यसमा पर्ने मुख्य र सहायक संरचनाको काम भइरहेको छ । रासस


**Government of Nepal**

**Ministry of Physical Infrastructure and Transport**

**Department of Road**

**Road Division Lahan**

**Invitation for bid**

**Notice No.: RDLHN/08/076-077**

**(First Publication Date: 2077-2-25 (Jun 07, 2020)**

1. 107 Road Division Lahan invites online bids under e-procurement system from eligible bidders for the procurement of following contracts in Siraha &Udayapur districts .Eligible bidders may obtain further information or may visit PPMO website www.bolpatra.gov.np/egp.

| S.No. | Contract No. | Name of Projects | Bid Validity Period | Bid Security Amount (NRs) | Price of Bidding Document (NRs) | Estimate amount without Vat |
|---|---|---|---|---|---|---|
| 1 | RDLHN/33701137-4/076-77/91 | Katari Beteni Okhele Taplidada Iname Nagaredobato Jate Lafagau Rasuwaghat Khotang Jilla jodne sadak Antargat Betini-Batase Khand. | 45 days | 43,000.00 | 1000 | 17,02,108.80 |
| 2 | RDLHN/33701137-4/076-77/92 | Solukhumbu Nagpala China naka jodne Sidhicharan Rajmarg (Barmi-Ghurmi section ) | 45 days | 43,000.00 | 1000 | 17,02,389.38 |
| 3 | RDLHN/33701138-4/076-77/93 | Lahan Bhagwanpur Thadi Sadak Siraha) | 45 days | 43,000.00 | 1000 | 17,04,035.10 |

2. Bidding document is available online and can be downloaded from e-GP system http://www.bolpatra.gov.np/egp. Interested bidders should register in the e-GP system and deposit the cost of bidding document & bid bond as mentioned in above table in the following specified bank .

| Office name | Road division Lahan | Name of Bank | Last Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|---|---|
| RajaswaKhata no. | 00101000000001001001 | Nepal bank limited Lahan | Date: 2077/3/07(21 Jun, 2020) Time: 12:00 Hrs | Date: 2077/3/07 (21Jun, 2020) Time: 13:00 Hrs |
| Revenue Head No. | 14229 | | | |
| Deposit Account no. | 2130203000000 | Rastriya Banijaya Bank Sirha | | |
| Office code no. | 337011601 | | | |

3. Interested bidders should submit online bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2077/3/07 (21 Jun ,2020) 12:00 hour. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system Operating Guideline 2073 and User manuals issued by PPMO which are available in e-GP system.
4. Online bid shall be opened in the presence of Bidders representative who choose to attend on 2077/3/07 (21 Jun 2020) 13:00 hours at the office of Road Division Lahan. Online bids must be valid for a period of as stated above counting from the day of bid opening and must be accompanied by bid security, amounting as above table which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in the e-GP system during bid submission.
5. If the office happens to be closed on the date of opening of the bids as specified , the bids will be opened on the next working day at the same time and venue.
6. Matters not covered in the above notice or bid documents shall be as per the "Public Procurement Act-2063 & Regulation 2064 and prevailing laws of Nepal.
7. Bank Guarantee shall be in the format specified in the bid documents.

**शर्त सहितको र बैंक जमानत दाबी गर्दा सक्कल प्रति फिर्ता गर्नुपर्ने छ भन्ने लगायतका शर्त राखिएका बैंक जमानत स्वीकार गरिने छैन, बोलपत्र अयोग्य हुनेछन्।**

**(Division Chief)**

# आरोप पुष्टि गर्न सांसद साहलाई राज्यमन्त्रीको चुनौती

टुडे समाचारदाता

गौर । प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले रौतहट निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित नेकपाका प्रतिनिधि सभा सदस्य प्रभु साहले जिल्ला मै सबैभन्दा बढी भ्रष्टाचार गर्ने नेताको रुपमा रहेको आरोप लगाएका छन् ।



शनिवार निजी सचिवालयद्वारा विज्ञप्ति जारी गर्दै राज्यमन्त्री यादवले नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका सांसद साह भ्रष्टाचारमा लिप्त रहेको दावी गरेका हुन् ।

बिहीबार संघीय सांसद साहले कोरोनाको संत्रास र लकडाउनको समयमा प्रदेश २ सरकार अनियमिततामा लिप्त रहेको र कृषि मंत्रालय मातहत रहेका कृषि ज्ञान केन्द्रको मार्फत मन्त्रीको संलग्नतामा अनियमितता भैरहेको आरोप लगाएको थियो । राज्यमंत्री यादवले विज्ञप्ति जारी गर्दै आरोप पुष्टि गर्न सांसद साहलाई खुल्ला रुपमा चुनौती दिएका छन ।

सामान्य परिवारमा जन्मिएर हुर्केका साहले भ्रष्टाचारी गरी सम्पति आर्जन गरेकोले छानविन गरी कारवाही गर्नु पर्ने उनले जारी गरेको विज्ञप्तीमा माग गरिएको छ । विज्ञप्तिमा भनिएको छ आर्जन गरेको सम्पतिको स्रोत देखाउन नसकेको साहले जनयुद्धको शहीदहरुको नाउँमा स्थापना गरेको प्रतिष्ठानको आडमा हरेक बर्ष स्थानीय तहबाट धाक धमकी देखाई करोडौं भ्रस्टाचारी गरेको हो ।

विश्वभरि महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभीड् १९ को प्रकोप न्यूनीकरण गर्न, प्रभावित भएका गरिव ,असहाय ,श्रमिक बर्ग समुदायलाई राहतको लागि प्रदेश सरकार दिनरात खटेको भएपनि सांसद साहले प्रदेश सरकारलाई बदनाम गर्ने नियतले गलत आरोप लगाएको ठोकूवा गरे । राज्य मन्त्री यादवले संघीय सांसद साहले लगाएको आरोपको खण्डन गर्दै प्रमाण सहित पुष्टि गर्न आमंत्रण गरेको छ ।

स्थानीय तहमा शक्तिको डरत्रास देखाएर स्थानीय विकासको बजेट, संघीय सरकारको बजेट हिनामिन्हा गर्नुको साथै आफ्नो संघीय बजेट बाट भए गरेको काम कार्यवाहीको सार्वजानिक समेत नगर्ने सांसद साहले हवादारी रुपमा प्रदेश सरकार माथि गलत आरोप लगाउने गरेको टिप्पणी गरेका छन् ।

पटक पटक विना प्रमाण प्रदेश सरकारलाई लक्षित गरी अभिव्यक्ति दिने सांसद साहको मानसिक संतुलन घुमेको आलोचना गरिएको छ । उहाले लेखेको छ अरुमाथि औला ठड्याउनु भन्दा पहिला आफु भित्रको कमी कमजोरी चिंतन मनन गर्नु पर्नेछ । हत्या, हिंसा , विबाद सृजना गराएर बजेट लिनु जस्ता कार्य गर्ने सांसद साहको अरु माथि लांछना लगाउनु हास्यास्पद भएको जिकिर विज्ञप्तिमा गरिएको छ ।

कोभिड्-१९ को प्रभाव न्यूनीकरण गर्न किसानलाई लकडाउनको अवधिमा राहत एवं ब्याज मिनहा गर्ने जस्ता महत्वपूर्ण कार्यत्रmमको साथै कृषि सड्क ,सोलार पम्प र पशुपंछी संग जोडिएको विकास कार्यत्रmम सञ्चालनका निमित सुचना प्रकाशन भई रहेको बेलामा आतिएर मानसिक रुपमा विचलित भएर भ्mूठा आरोप कृषि मंत्रालय माथि लगाएको विज्ञप्ति मार्फत दावी गरिएको छ ।

राज्यमन्त्रीको नजिक मानिने एक जना स्थानीय पत्रकारले फोन गरी राज्यमन्त्री यादव सित कुरा गरी विना जानकारी आवाज रेकर्ड गरी प्रभु साह नजिकको पत्रकारलाई समाजिक संजाल मार्फत पठाएको कारण दुवै नेता विच वाक युद्ध शुरू भएको हो ।

# आजदेखि मालपोत कार्यालय खुल्ने

काठमाण्डु । सरकारले आइतबारदेखि देशभरका सबै मालपोत कार्यालय खोल्ने भएको छ ।

लकडाउन शुरु भएपछि बन्द गरिएका मालपोत कार्यालय पुनःसञ्चालनमा ल्याउने तयारीका साथ भूमिसुधार तथा व्यवस्थापन विभागले मातहतका सबै कार्यालयलाई आइतबारदेखि सञ्चालनमा ल्याउन निर्देशन दिएको हो । बन्दाबन्दीका कारण पछिल्लो समय देशभरका भूमिसुधार तथा मालपोत कार्यालयबाट प्रदान गरिने सेवा अवरुद्ध भएको थियो ।

पछिल्लो समयमा सरोकारवाला निकाय र सेवाग्राहीको न्यूनतम तथा आवश्यक सेवा सञ्चालन गर्न माग भई आएको थियो । सोही मागअनुसार आइतबारदेखि कार्यालय प्रमुखले अनिवार्यरुपमा कार्यालयमा उपस्थित भई अन्य कर्मचारीलाई पनि उपस्थित गराई स्वास्थ्य सुरक्षा सतर्कता अपनाइ सेवा सञ्चालनमा ल्याउन विभागले भनेको छ ।रासस

# गर्भ लिएर न्यायको खोजीमा भौंतारिदै सोना

टुडे समाचारदाता

जनकपुरधाम । २० वर्षिया सोना( नाम परिवर्तन) न्यायको खोजीमा भौतारिदै हिडेकी छन् । कहिले जिल्ला प्रहरी कार्यालय त कहिले जिल्ला प्रशासन कार्यालय । महिला अधिकारको क्षेत्रमा कार्यरत्त जनकपुरधामका आधा दर्जन संघसंस्थामा पनि उनी दिनैपिच्छे आउजाउ गरेकी छिन् । न्यायको लागि । गत माघदेखि नै न्यायको लागि उनी कार्यालयहरु चहार्दै हिडेकी हुन् ।

सात महिनाको गर्भ लिएर घाम पानीमा पनि जान हिच्किदैनन् उनी । शायद, उनलाई पनि थाहा छ। न्याय चाहे जति सजिलै पाउँदैन। त्यसैले त उनी आफन्त, इष्टमित्रले सुझाएको ठाउँमा जान पछि पर्दैनन् । अहिलेसम्म कुनै निकायबाट न्याय पाउने आश पलाएको छैन- उनलाई ।

प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख लगायत महिला अधिकारकर्मीहरु पनि गर्भपतन गराउन दबाब दिन थालेपछि उनी अहिले कानुनसँगै संचारमाध्यमको सहारा लिने निधो गरेकी छिन् ।

जनकपुरधामको भानुचोकस्थित एक मोबाइल पसलमा काम गर्दै आएका धनुषा क्षीरेश्वरनाथ नगरपालिका-५ का शिवराज श्रेष्ठसित १८ महिना अघि प्रेममा परिन् सोना । शिवराजले विवाह गर्ने प्रलोभन दिएर सोनासित शारिरिक सम्बन्ध बनाए । अहिले सोना ७ महिनाको गर्भवति छिन् । अभिभावकलाई जानकारी गराए विवाह गर्ने आश्वासन पाएपछि सोनाले आमालाई यो कुरा बताइन् । घटना एक कान, दुई कान हुँदै मैदानमा पुगेपछि शिवराज फरार । उनको खोजी गरिदिनको लागि पटक पटक गुहारेपनि प्रहरीले चासो नलिएपछि बाध्य भएर सोनाले जर्बजस्तीकरणी मुद्दा दर्ता गराइन् । मुद्दा दर्ता गर्न समेत आलटाल गर्दै आएकी जिल्ला प्रहरी कार्यालय महिला सेलकी दीपिका ओभाले पछि दर्ता गरिन् । हुनत उनले समाजिक रुपबाटै समाधान खोजेकी थिइन् । तर, महिला अधिकारको क्षेत्रमा धनुषामा सत्रिmय ओरेक नेपाल नामक संस्था लगायत अधिकारकर्मीहरुले पनि गर्भपतन गराउन दबाब दिए ।

ओरेक नेपालकी सुजाता भन्नेले त पटक पटक गर्भपतन गराउन मांसिक तनाब नै दिएको सोना बताउँछिन् । ओरेक नेपालको सेफ हाउसमा पनि आफूलाई महिला अधिकारकर्मी भनाउने महिला अगुवाहरुले न्यायभन्दा बढी गर्भपतन गराउनको लागि दबाब दिएको सुनाइन् ।

अधिकारकर्मीहरु अहिले चासो लिन छाडेका छन् । तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रदिपराज कणेल, प्रहरी प्रमुख रमेश बस्न्यातले पनि शिवराजलाई खोजी गर्न चासो देखाएका छैनन् । कोरोना भाइरस विरुद्ध सरकारले लागू गरेको लकडाउनको पालना गराउनमा लागेको प्रहरीलाई अन्य काममा लगाउन नसकिने जवाफ प्रहरी प्रमुख बस्न्यातले फर्काएको सोना बताउँछिन् ।

न्यायको लागि प्रहरी प्रशासन इमान्दार नहुनुको कारण शिवराजको सानिआमा प्रेममाया श्रेष्ठ नेकपा प्रदेश २ समिति सदस्य छिन् । उनकै दबाबको कारण प्रहरीले शिवराजलाई पत्राउ गर्न तदारुक्ता नदेखाएको पीडितले आरोप लगाइन् ।

महोत्तरीको जलेश्वर नगरपालिका-९ की सोना न्यायको खोजीमा जनकपुरमै बस्दै आएकी छिन् ।

शिवराजकी आमा राधा श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएपनि नेकपा प्रदेश सदस्य प्रेममायाको जमानीमा छाडेको थियो ।

त्यसपछि उनी क्षीरेश्वरनाथ नपास्थित आफ्नो घरमा बस्दै आएकी छिन् भने छोरा शिवराजले पनि पीडितलाई समाजिक संजालमार्फत पटक पटक सम्पर्क गरेर मुद्दा फिर्ता लिनको लागि धम्की दिदै आएका छन् ।

# पटेर्वासुगौलीमा धानको वीउ वितरण

लालबाबु बानिया



पोखरिया । किसानहरुको मर्म बुभ्रेर पचास प्रतिशत छुटमा धान पर्साको पटेर्वा सुगौली गाउँपालिकाले बीउ उपलब्ध गराएको छ । पटेर्वासुगौली गाउँपालिकाले किसानलाई पचास प्रतिशत छुटमा धानको बीउ उपलब्ध गराएको छ । बिश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भईरसबाट बचाउन सरकारले गरेको लकडाउनका कारण धानको वीउ पाउन समस्या भएकोले उपलब्ध गराएको पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष हरिनारायण चौधरीले बताए ।

किसानको मर्म बुभ्रेर धानको समय भएकोले लकडाउनले दोहोरो मारमा नपरोस भन्दै किसानको सहुलियत दर पचास प्रतिशतमा धानको वीउ बितरण भईरहेको गाउँपालिका अध्यक्ष चौधरीले जनाए ।

दुई महिनादेखि पटेर्वासुगौली गाउँपालिकाको पाँचै वडाका हजारौ किसानले पचास प्रतिशत छुटमा चैते धान ,वर्षेधानको वीउ बितरण गरिएको गाउँपालिका कृषि शाखा प्रमुख गोबिन्द भैया थारुले जनाए । कृषि शाखा प्रमुख थारुले अहिले सम्म चैतेधान हर्दिनाथ २८ मेट्रिक टन किसानलाई प्रति केजी ३० रुपैयाँको दरले बिक्री बितरण भएको र बर्षेधान स्वाणसिब १२ मे, टन किसानलाई प्रतिकेजी ३० रुपैयाँको दरले बिक्री बितरण भएको छ ।

बर्षेधान लोकनाथ ५०५. हाईब्रिड १८ क्विन्टल किसानलाई बितरण भएको र हाईब्रिडको प्रति केजी ३ सयको दरले बितरण भएको कृषि शाखा प्रमुख थारुले जनाए ।

लकडाउनमा धानको बीउ समयमा किसानलाई उपलब्ध हुन नसकेकोले गाउँपालिका मार्फत किसानलाई वडा मार्फत सहुलियत दरमा धान बीउ लिन आहवान गरेपछि किसानले पचास प्रतिशत सहुलियत दरको धान बीउ लिएको प्रमुख प्रसाशकिय अधिकृत भुजेन्द्र प्रसाद यादवले जनाए ।

लकडाउनको समयमा गाउँ ठाउँमा सिजन सिजनमा धान बीउ उपलब्ध भएकोमा किसानहरु खुशी भएको अधिकृत यादवले जनाए। यो भन्दा अगाडि गाउँपालिकाले उनन्त जातको गहुको वीउ पचास प्रतिशत छुटमा उपलब्ध गराएको थियो ।

# बजेटमा प्रदेश २ सित विभेद भएको छः सांसद यादव

टुडे समाचारदाता

काठमाण्डु । प्रतिनीधिसभाका सांसद प्रदीप यादवले प्रदेश २ मा थप दुई अर्ब बजेट थप गर्नमांग गरेका छन्।

अर्थमन्त्री डा. युवराज खतिवडाले पेश गरेको आ.व. २०७७/७८ को बजेटमा एक रुपैयाँ खर्च कटौतीको प्रस्ताव अन्तर्गत संशोधनको प्रस्ताव दर्ता गराई शनिबार संसदमा बोल्दै सांसद यादवले अन्तर सरकारी वितिय हस्तान्तरण प्रदेश र स्थानीय तहमा अगामी वर्षको बजेटको खण्ड १ मा भएको विधेयकमा प्रदेश २ को लागि छुट्याईएको रकम समानिकरण अनुदान शिर्षक नं. २६३३१ मा २ अर्ब बजेट थप गर्न मांग गरेका हुन । प्रदेश २ लाई छुट्याईएको रकम समपूरक अनुदानको शिर्षक नं. २६३३४ मा १ अर्ब ५ करोड थप गर्नु पर्ने मांग गरेका हुन ।

उनले भने," प्रदेश २ मा मानव विकास सुचाङ्क, गरिबीको दर अधिकतम, जनसंख्याको घनत्व बढि, कर पनि राम्रै उठाउने र कृषि उब्जनी पनि धेरै हुने भए पनि स्रोत बाँडफाँडमा यत्रो भिन्ता किन सभामुख महोदय ? संघ सरकारले दिन नखोजेको हो की ? के आधारमा प्रदेश २ ले जम्मा २ करोड ७७ लाख पायो त ? जबकी गण्डकी प्रदेशले १ अर्ब उन्चास करोड उन्नासी लाख पायो, सुदुरपश्चिमी प्रदेशले एक अर्ब छब्बीस करोड २९ लाख पायो। प्रदेश २ सँग यत्रो भिन्नता किन ? भिखारी जस्तो प्रदेश २ लाई २ करोड दिएर हेर्न खोजेको हो ?"

समाजवादी पार्टीका प्रभावशाली नेता समेत रहेका सांसद यादवले समानीकरण अनुदानमा कर्णालीलाई ९ अर्व ६३ करोड २९ लाख, सुदुरपश्चीमलाई ८ अर्व ७ करोड ६८ लाख बजेट दिनु तर प्रदेश २ लाई ७ अर्ब २ करोड १ लाख मात्रै बजेट दिएर अर्थमन्त्रीले किन विभेद गरेका हुन सभामुख महोदय भन्दै प्रश्न गरे ।

बजेट बाँडफाँडमा संघीय सरकारले षडयन्त्र गरेको भन्दै सांसद यादवले बजेट बाँडफाँडमा सन्तुलन भएन भने सर्बोच्च अदालतमा मुद्दासमेत हाल्ने चेतावनी दिए । "सरकारले प्रदेश २ लाई फेल गर्न छानिबिनी गरी कामै नलाग्ने कर्मचारी पठाउने गरेकोले कि त प्रदेशलाई कर्मचारी नियुक्ती गर्ने अधिकार देऊ, कि काम लाग्ने कर्मचारी पठाउनुस्," उने भने ।

'आफ्नै ठाउँ र गाउँमा बजेट दिने । जनसंख्या र गरिबी भएको प्रदेशलाई कम बजेट, यति अन्याय किन ?,' सांसद यादवको प्रश्न छ । संविधानलले प्राकृतिक श्रोत तथा वितिय आयोगको सिफारिसमा बाँडफाँट हुने भनेको छ । खै त सो आयोगको भुमिका र वैज्ञानिक वितरण प्रणाली भनेर प्रश्न गर्दै सांसद यादवले प्रदेश २ का जनतासँग भएको यो विभेद तत्काल संबोधन गर्न जोडदार मांग गरे ।

झण्डै ८९ प्रतिशत वजेट केन्द्रमा राखी ११ प्रतिशत बजेट मात्र प्रदेश र स्थानीयमा राख्नु संघीयता विपरित भएकोले यो बजेट कदापी स्वीकार्य नगरिने बताउँदै तत्काल प्रदेश २ लाई दिने बजेटमा संशोधन गर्न सभामुखलाई सांसाद यादवले ध्यानाकर्षण गराएका हुन ।

# सीमामा प्राण त्यागेका बिरेन्द्रको परिवारलाई अमेरिकाबाट तीन लाख सहयोग

टुडे समाचारदाता



जनकपुरधाम । भारतबाट घर आउने त्रmममा जटही सिमामै प्राण त्यागेका धनुषाको शहीद नगरपालिका ९ निवासी बिरेन्द्र यादवको परिवारलाई अमेरिकाबाट सहयोग प्राप्त भएको छ । अमेरिकामा रहँदै आएका दुई जना नेपालीले यादवको परिवारका लागि तीन लाख रुपैयाँ पठाएका छन् ।

अमेरिकामा बस्दै आएका भीम कार्की र शंकर पन्तले ती रकम पठाएका हुन् । यी दुबै प्रवासी नेपाली एकता मंच अमेरिका (ओभरसिज नेपाली युनिटी फोरम) का हुन् । कार्की संस्थापक एवं वरिष्ठ नेता हुन भने पन्त महासचिव ।

अमेरिकी कानुन अनुसार ५०१ सि ३ अन्तर्गतको गैर नाफामूलक संस्थाको रुपमा दर्ता भएको उक्त संस्थाका यी दुबैले रकम पठाएका हुन् । रकम लिएर काठमाण्डु निवासी दामोदर सुवेदीले मृतक यादवको घरमै आएर रकम हस्तान्तरण गरेका छन् ।

जलश्रोत डटकमका संचालक समेत रहेका सुवेदीले मृतक बिरेन्द्रकी पत्नी सवितालाई रकम बैंकमा जम्मा गरिएको भौचर प्रदान गरे ।बिरेन्द्रको परिवारमाथि भएको ऋणको बोभ्m कम गराउने मात्र होइन्, ती दुबैले उनको छोरा छोरीलाई शिक्षामा पनि सहयोग गर्ने भएको सुवेदीले बताए ।

बिरेन्द्रका छोराछोरीको नाममा रु १ लाखको अक्षय कोष खड्ा गरेर शिक्षामा सहयोग गर्ने इच्छा कार्की र पौडेलले व्यक्त गरेको सुवेदीले सुनाए ।

# कर मिनाहाको माग गर्दै वीरगञ्जमा प्रदर्शन

वीरगञ्ज । नेपाल सरकारले घोषणा गरेको लकडाउन अवधिभरिको कर मिनाहाको माग गर्दै नेपाली काँग्रेसका नेता कार्यकर्ताले शनिबारवीरगञ्जमा प्रदर्शन गरेका छन् । नेपाली काँग्रेस पर्सा क्षेत्र नं १ को अगुवाइमा पार्टीका नेता कार्यकर्ताले वीरगञ्जको आदर्शनगर चोकमा विभिन्न नारा लेखिएको प्लेकार्डसहित प्रदर्शन गरेका हुन् ।

कोरोना भाइरसको सङ्क्रमणलाई फैलिन नदिन सरकारले घोषणा गरेको लकडाउनले सबै नेपालीलाई आर्थिक समाजिकरुपमा ठूलो असर पारेकाले सङ्कटको यस घडीमा लकडाउन अवधिभरको कर, बैंक ब्याज तथा बिजुलीको बिल माफ गरी सरकारलाई अभिभावकीय भूमिका निर्वाह गर्न नेपाली काँग्रेस पर्साका सभापति अजयकुमार द्विवेदीले आग्रह गर्नुभयो ।

उहाँले लकडाउनका त्रmममा उद्योग व्यापार ठप्प भई व्यक्तिको आम्दानीको स्रोत नै बन्द भएकाले सो अवधिको कर मिनाहा गरी सरकारले जनतालाई राहत दिन अति नै जरुरी रहेको बताउनुभयो ।

देशके ठूलो वीरगञ्ज-पथलैया औद्योगिक करिडोरमा रहेका सबै उद्योग, वीरगञ्जमा रहेका सबै पसल, व्यापार बन्द हुनुका साथै कृषि कार्यसमेत लकडाउनमा प्रभावित भई सबैले ठूलो आर्थिक नोक्सानी उठाइरहेका बेला सरकारले जनतालाई राहत पुर्याउँदै सबै कर र तिनमा लाग्ने ब्याज मिनाहा नगरे अहिले चलिरहेको भद्र अवज्ञालाई आउने दिनमा कडा पार्दै लैजाने नेता द्विवेदीले चेतावनी दिनुभयो ।रासस

**नोबेला कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## जनकपुर टुडे मिडिया ग्रुपको अपिल

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँच्छिउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com